# सामाजिक तथा राजनीतिक सहभागिताको अधिकार प्रवर्द्धनका लागि प्रशिक्षण पुस्तिका

Training manual for promotion of rights to social and political participation

२०६२

राजकुमार सिवाकोटी स्रोत सामग्री लेखन तथा संकलनकर्ता, महासचिव (FOHRID)

FOHRID HUMAN मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च
RIGHTS AND DEMOCRATIC FORUM

Radhe Marga, Dillibazar, Kathmandu
Postal Address: P.O. Box 19186, Kathmandu, Nepal
Tel: +977-1-44 23 125, Fax: +977-1-44 38 812
E-mail: fohrid@wlink.com.np
Website: www.fohrid.org.np,
www.fohridnetwork.org

# सामाजिक तथा राजनीतिक सहभागिताको अधिकार प्रवर्द्धनका लागि प्रशिक्षण पुस्तिका[1]

२०६२

| कार्यक्रम | | | |
|---|---|---|---|
| सत्र | विषय | समय | सहायक विषय |
| पहिलो | सामाजिक तथा राजनीतिक सहभागिता | ४० मी | - सामाजिक तथा राजनीतिक सहभागिता के हो ?<br>- सामाजिक तथा राजर्नीतक सहभागिताका आधारभूत तत्व |
| दोस्रो | सामाजिक तथा राजनीतिक सहभागिताको अधिकार | १:४५ मी | - सार्कको सामाजिक बडापत्र र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार<br>- नागरिक तथा राजनीतिक अधिकार<br>- मौलिक अधिकार<br>- सरकारमा सहभागिताको अधिकार<br>- राजनीतिक स्तर निर्धारण र आत्मनिर्णयको अधिकार<br>- राजनीतिक सहभागिताको अधिकार<br>- कानुनका अगाडि समानता र गैर भेदभावको अधिकार |
| | विश्राम | ३० मी | |
| तेस्रो | कार्यशाला | १ घण्टा | - राजनीतिक स्तरको निर्धारण र भूमिकाको खोजी कहाँ र कसरी ? |
| चौथो | राज्यका मुख्य नीति | १:३० मी | - आर्थिक वृद्धि तथा गरिबी न्यूनीकरण गर्ने<br>- स्वास्थ्य, जनसख्या र आवास<br>- वन पर्यावरण प्रणाली तथा जैविक विविधता<br>- शिक्षा<br>- सुशासन<br>- पूर्वाधार संरचना<br>- शान्ति तथा सुरक्षा |
| पाँचौं | राज्यको उत्तरदायित्व | ३० मी. | - अन्तर्राष्ट्रिय उत्तरदायित्व<br>- क्षेत्रीय उत्तरदायित्व<br>- राष्ट्रिय उत्तरदायित्व |
| छैठौं | विश्वव्यापीकरण र जोखिमता | ४० मी। | - अन्तर्राष्ट्रिय व्यापार संगठन र जाखिमता |

[1] यस स्रोत सामग्री तयारीका लागि परामर्श तथा निर्देशन दिने- रम रिसाल, सदस्य-सचिव, (ग्रामीण स्वावलम्बन विकास केन्द्र, (RSDC) र वीरेन्द्रप्रसाद थपलिया, सभापति, (मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च, (FOHRID)। अनुवादमा योगदान गर्ने तुलसीबहादुर कार्की र राजुराम भण्डारी तथा तयारीमा सहयोग गर्ने पुण्यप्रसाद खतिवडा र सुनिल पौडेल प्रति आभारी छु। - राजकुमार सिवाकोटी

## विषय सूची

१. सामाजिक तथा राजनीतिक सहभागिता के हो ? १

१.२. सामाजिक तथा राजनीतिक सहभागिताका आधारभूत तत्व
१

२. सामाजिक तथा राजनीतिक सहभागिताको अधिकार
२-५

३. कार्यशाला ५

४. राज्यका मुख्य नीति तथा उत्तरदायित्व

क) राज्यका मुख्य नीतिहरु ५

ख) राज्यको उत्तरदायित्व ८

ग) विश्वव्यापीकरण र जोखिमता ९

अनुसूची १ : नेपाल अधिराज्यको संविधानमा उल्लेख भएका मौलिक अधिकारहरु
१०

अनुसूची २ : राज्यका निर्देशक सिद्धान्त र नीतिहरु
११

अनुसूची ३ : नेपालमा दिगो विकासका एजेन्डाको सफलतापूर्वक कार्यान्वयन हुनुपर्ने विषय
१२

अनुसूची ४ : सार्कको सामाजिक बडापत्र १३

**कार्यक्रमको उद्देश्य :**

कार्यक्रमको मुख्य उद्देश्य भनेको वर्तमान र भविष्यमा जनतालाई केन्द्रमा राखेर प्रतिष्ठित् जीवन प्रकृयामा जिउनका लागि सक्षम बनाउनु हो । यसका लागि कार्यकर्ता,प्रतिनिधि, सहभागी र सम्भावित लाभ प्राप्त गर्ने समूहलाई पनि सक्षम बनाउन आवश्यक छ। जीविकालाई दिगो बनाउन जनताले नागरिक र नागरिक समूहका रुपमा आफ्नो अधिकार छ भन्ने महसुस तथा व्यक्त गर्नु पर्दछ। जसका लागि उनिहरु आफैंले आफ्नो राजनैतिक र सामाजिक कार्ययोजना बनाई कार्यान्वयन गर्नु पर्दछ। स्वनिर्णय जनताको अधिकार सम्बन्धी धारणाको केन्द्रविन्दु हो। स्वनिर्णय राज्यको संरचनाबाट सुनिश्चित हुँदैन। बरु, आफ्नो भलो सुनिश्चित गर्ने जनताको दृढताले पनि यसमा भूमिका खेल्छ। जसमा स्वतन्त्रता र सहभागिता पनि समावेश छन्। यहाँ, जनता भन्नाले जातिगत, धार्मिक तथा सांस्कृतिक र समूहगतका साथै लैङ्गिक पक्षलाई समेत जनाउँछ।

यस प्रकार कार्यक्रमको उद्देश्य दुईतर्फी हुनेछ : एउटा जीविकाका लागि स्रोतमा पहुँच र नियन्त्रण प्रमुख हुनेछ । अर्को अधिकारसँग सम्बन्धित छ, जसमा वैचारिक रुपमा विकासलाई माथिबाट बनाइने तथा निगाह हुने प्रक्रिया हो भन्नुको साटो जनताले विकासको दावी गर्नेछन् र यो राज्यबाट सामाजिक र राजनैतिक अधिकार समतुल्य हुनेछ । यसरी उद्देश्यको विशिष्ट क्षेत्र दिगो जीविका र सामाजिक तथा राजनैतिक सहभागिताका प्रावधानसँग जोडिएको छ । दुवैको सारमा आधारित विशिष्ट अधिकारहरु निम्नानुसार छन् :

**दिगो जीविकाको अधिकार :**
१. खाना, आवास, लुगा, जीविका लगायत उत्कृष्ट जीवन पद्धतिमा पहुँच ।
२. सामाजिक, आर्थिक र सांस्कृतिक विकासमा स्वनिर्णयको अधिकार ।
३. प्राकृतिक सम्पदाको स्वामित्व र तिनको विकासमा पहुँच ।
४. काममा रोजगारीका निम्ति पुरुष तथा महिलालाई छनौटका निम्ति सक्षम बनाउनु ।

**सामाजिक तथा राजनैतिक सहभागिताको अधिकार :**
१. विचार, सोचाइ धर्म, मत, अभिव्यक्ति, सभा, संगठन तथा सरकारमा सहभागिताको अधिकार प्रवर्धन र सशक्तीकरण ।
२. स्वनिर्णय र उनीहरुको राजनैतिक स्तरको निर्धारण गर्ने अधिकार ।
३. कानुनका अगाडि समानता र गैर भेदभाव ।
४. मतदानको अधिकार ।
५. स्वतन्त्रता, सुरक्षा र हिँडडुलको अधिकार ।

# पहिलो सत्र

**१. सामाजिक तथा राजनीतिक सहभागिता के हो ?**

झट्ट हेर्दा सामाजिक तथा राजनीतिक सहभागिता अलग-अलग विषय जस्तो देखिन्छन् तर यी दुवै एक अर्काका परिपूरक छन् । कतिपय अवस्थामा यी दुवै समानार्थी शब्दको रुपमा प्रयोग गरेको पाइन्छ । सामाजिक सहभागितालाई केही संकुचन अर्थमा प्रयोग गरेको पाइन्छ भने राजनीतिक सहभागिताको अर्थ अलि व्यापक छ । सामाजिक सहभागिताले विकास प्रकृया र विकासका क्रियाकलापमा जनताको सहभागितालाई शसक्तिकरण गर्दछ । राजनीतिक सहभागिताको अवधारणाले जनताको स्वनिर्णयद्वारा उनिहरुको राजनैतिक स्तरको निर्धारण गर्ने क्रियाकलापहरुलाई सशक्तिकरण गर्दछ । यसले राजनीतिक प्रणाली सञ्चालनको क्रियाकलापमा जनताको सहभागितालाई सशक्तिकरण गर्ने र राजनीतिक प्रकृयामा जन सहभागितालाई अनिवार्य ठान्दछ ।

***सामाजिक सहभागिताको परिभाषा:***

सामाजिक सहभागिता त्यो हो जसले जनताको सामाजिक जिवनलाई प्रवर्द्धन गर्दछ, विकासमा सहभागिता र नीति निर्माणको प्रकृयामा जनतालाई सहभागी गराउँदै उनिहरुको उत्कृष्ट जीवन पद्दतिको पहुँचलाई प्रवर्द्धन गर्दछ । सामाजिक सहभागिताले जनताका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुको उपभोगलाई सामाजिक क्रियाकलाप मार्फत कार्यान्वयन गर्दछ । समाजिक परिचालनद्वारा आर्थिक उन्नति र जीविकाको लक्ष्य प्राप्त गर्न यसले मद्दत गर्दछ । सामाजिक सहभागिताले राजनीतिक एवं नागरिक स्वतन्त्रताको उपभोगमा सहयोग पुऱ्याउँदछ । अर्को अर्थमा सामाजिक अधिकारहरुको दावी र उपभोग र यसबाट सृजित फाइदा उपयोग गर्ने अवसर प्राप्त गर्नु नै सामाजिक सहभागिता हो ।

***राजनीतिक सहभागिताको परिभाषा:***

कुनै पनि राजनीतिक प्रणालीको जीवन्तताको सबैभन्दा बलियो आधार त्यसमा नागरिकहरुको राजनैतिक सहभागिता हो । जनसहभागिताका आधारमानै कुनै पनि राजनीतिक प्रणालीको सफलता-असफलता अडेको हुन्छ । कुनै पनि

राजनीतिक प्रणाली कति जनमूखी र प्रजातान्त्रिक छ भन्ने कुराको मूल्याङ्कन पनि यसैका आधारमा गरिन्छ । नागरिकहरुको संगठित प्रयासद्वारा आफ्ना नेताहरुको रोजाई/छनोट गर्ने कार्य, आफ्ना प्रतिनिधि मार्फत सरकारमा सहभागित हुने र नीति निर्माणमा योगदान पुऱ्याउने कार्य, प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा शासकको छनौट गर्ने, सार्वजनिक नीति बनाउने, मतदानमा भाग लिने, मतदान गर्ने, छलफल गर्ने, सभा-सम्मेलन गर्ने, राजनैतिक दलमा सहभागि हुने, राजनैतिक दलका कृयाकलापमा सहभागि हुने, राजनैतिक दलहरु खोल्ने र सञ्चालन गर्ने, निर्वाचन सम्बन्धी कार्य र अभियानहरु सञ्चालन गर्ने आदि विषयवस्तुहरु राजनैतिक सहभागिताभित्र पर्दछन् । व्यापक रुपमा राजनीतिक प्रणालीमा जनसंलग्नता भएको अवस्थमा मात्र राजनीतिक सहभागिता अर्थपूर्ण हुन सक्दछ ।
तर, कुनै न कुनै पक्षले जनताको राजनीतिक सहभागितालाई प्रभाव पारेकै देखिन्छ । जनताको विभिन्न किसिमले राजनीतिक सहभागिता रहने गर्दछ । देशको राजनीतिक प्रणाली, जनताको आर्थिक स्थिति, राजनैतिक जागरण, चेतना तथा परम्परा आदीले राजनीतिक तथा सामाजिक सहभागितालाई सँधै प्रभावित पार्दछ ।

राजनीति राज्यको शासन सञ्चालनमा प्रत्यक्ष एवं परोक्ष सहभागिताको माध्यम हो । राजनीतिक सहभागिताले राज्य सञ्चालनमा व्यापक अर्थ राख्दछ । जनताको राजनीतिक सहभागिता विना राज्य सञ्चालन प्रकृया अधुरो रहन्छ । राजनीतिक सहभागिताले नै नागरिकहरुलाई राज्यको शासन सञ्चालन गर्ने स्थानमा पुऱ्याउँदछ । शासनको उच्चतम थलो भन्नु नै नीति निर्माण र निर्णय गर्ने स्थान हो । यो स्थानमा सबै क्षेत्रका जनताहरुको पहुँच नपुगेसम्म समाजको परिवर्तन एवं विकास सम्भव हुन सक्दैन । त्यसैले समाजका सबै समूहहरुको राजनीतिक सहभागितालाई अनिवार्य ठानिन्छ । खासगरी, जोखिमपूर्ण समुदाय (Vulnerable Group) तथा किनार लगाइएका समुदायको (Marginalities Community) राजनीतिक सहभागिता हुन अन्य आवश्यक छ । वहुलवाद Pluralism ले राजनीतिक सहभागितालाई अत्यन्त जोड दिन्छ । प्रजातन्त्रको मूलभूत मान्यता अनुसार समाजका अल्पसंख्यकहरुलाई राजनीतिक सहभागी गराउनु पर्दछ । र, समाजका सबै वर्गका मानिसहरुको राजनीतिक सहभागितालाई प्रवर्द्धन गर्ने खालका नीति एवं कार्यक्रमहरु राजाले अख्तियारी गर्नु पर्दछ । यस्ता नीतिहरुको तर्जुमा बहुलवादी Plaralistic प्रजातान्त्रिक Demantic राज्यव्यवस्थामा मात्र सम्भव हुन्छ । नेपालमा राजनीतिक सहभागिताको सन्दर्भमा संवैधानिक कानूनी तथा नीतिगत प्रावधानहरु के कस्ता रहेका छन् भनी अध्ययन गरिनुपर्दछ ।

## १.२. सामाजिक तथा राजनीतिक सहभागिताका आधारभूत तत्वः

***जनताका मौलिक अधिकारहरुको प्रवर्द्धन र शसक्तिकरण***

जनताको अधिकारको कुरागर्दा सर्वप्रथम मौलिक अधिकारहरुको सवाल उठ्दछ । सामाजिक तथा राजनीतिक सहभागिताका विषयवस्तु जनता भएकाले सामाजिक तथा राजनीतिक सहभागिताका लागि जनताका मौलिक अधिकारहरुको पूर्ण ग्यारेण्टी हुनु पर्दछ । अर्थात मौलिक अधिकारहरुको उपभोग र प्रत्याभूती सामाजिक तथा राजनीतिक सहभागिताको पूर्वसर्त हो । यस्ता मौलिक अधिकारका धेरै विषयवस्तुहरु छन् । जस्तो समानता, स्वतन्त्रता, विचार, सोचाई, धर्म, विचार, अभिव्यक्ति, सभा, संगठन, सुरक्षा, घुमफिर, निर्वाचन सम्बन्धी आदी अधिकारहरुलाई विस्वव्यापी रुपमा जनताका मौलिक अधिकारका रुपमा स्विकारिएको छ । र, यी मौलिक अधिकारहरुको जब राज्यद्वारा प्रवर्द्धन गरिन्छ तव मात्र जनताको सामाजिक तथा राजनीतिक सहभागिताको प्रवर्द्धन हुन्छ । अर्कोतर्फ राज्यले आफ्ना जनताहरुको मौलिक अधिकारहरुको प्राप्ती र उपभोगका लागि जनताको सशक्तिकरण अनिवार्य रुपमा  गर्नुपर्दछ ।

***स्वनिर्णय र आफ्नो राजनीतिक स्तरको निर्धारण आफैं गर्ने अधिकार***

सामाजिक तथा राजनीतिक सहभागिताको अर्थ पुरा हुनका लागि जनताहरुले आफ्नो स्वनिर्णयद्वारा आफ्नो राजनैतिक स्तरको निर्धारणका लागि कुन राजनैतिक आस्था तथा विचार ग्रहण गर्ने भन्ने कुरामा स्वयंले निर्णय गर्न पाउनुपर्दछ । राजनैतिक स्तरको निर्धारण अन्तर्गत राजनीतिक गतिविधिमा भाग लिने, मत खसाउने, उमेद्वार बन्ने, आफूलाई विश्वास लागेको वा आफ्नो उमेद्वारलाई रोज्ने र त्यस मार्फत सरकार बनाउने जस्ता क्रियाकलाप समावेश हुन्छन् ।

***जनताको सरकामा सहभागिताको अधिकारको प्रवर्धन र सशक्तिकरण***

विना भेदभाव सबै जनजातिको सरकारमा सहभागिता जनाउने अधिकार हुन्छ र यसलाई उनिहरुले आफु आवद्ध भएको राजनैतिक दल मार्फत उपभोग गर्न पाउनु पर्दछ । जनताको राजनीतिक दलमा प्रतिनिधित्व, जोखिमपूर्ण/किनारा

लगाइएका समूहरुको राजनीतिक दलमा पहुँच र उनीहरुको स्वच्छ निर्वाचनमा (उमेद्वार बन्ने वा मत खसाउने) भाग लिने अवस्थाको सुनिश्चितताद्वारा सरकारमा सहभागिताको अधिकारलाई प्रवर्द्धन गरिनु पर्दछ । साशकको छनोट गर्ने, नीति निर्माणमा भागलिने, आफ्ना प्रतिनिधि मार्फत आफ्ना विचारहरु व्यक्त गर्नु, चुनावी अभियान सञ्चालन गर्ने जस्ता क्रियाकलापमा सहभागी भएर जनताले सरकारमा आफ्नो सहभागिता जनाउँदछन् । तर, यी सबै कुराको प्रत्याभूतिका लागि राज्यले प्रजातान्त्रिक शासन व्यवस्था अपनाउन आवश्यक छ । एक दलिय व्यवस्थामा सामाजिक तथा राजनीतिक सहभागिताको कल्पना गर्न सकिन्न । अर्कोतर्फ प्रजातान्त्रिक शासन पद्धति भएर मात्र जनताको सरकारमा सहभागीताको अधिकारलाई प्रवर्द्धन र सशक्तिकरण गर्न सकिँदैन, यसका लागि प्रभावकारी र उदार नीतिहरु त्यतिकै आवश्यक पर्दछन् ।

*कानूनका अगाडि समानता र गैरभेदभाव*

सामाजिक तथा राजनीतिक सहभागिताको मुख्य प्रावधान भनेको सामान्यमा आधारित समानता  र गैर भेदभावको प्रत्याभूति हो । समानताको अभाव, न्यायबाट बञ्चिती र मौलिक मानव अधिकारको इन्कारी भेदभाव हो । यो समाजमा सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक रुपमा रहन्छ । सामाजिक तथा राजनीतिक सहभागिताका लागि समाता र गैर भेदभावको प्रत्याभूती अपरिहार्य पक्ष हो । जसले सामान्य, समानता, मानवीय मर्यादा सहित विश्वव्यापी रुपमा मानव अधिकारका सिद्धान्तहरु समेतलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

# दोस्रो सत्र

## २. सामाजिक तथा राजनीतिक सहभागिताको अधिकार

### *क. सार्कको वडापत्र र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार*

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरुको आम जनताले निर्वाध रुपमा उपभोग गर्न पाउनुपर्दछ । यी अधिकारहरुको संयुक्त राष्ट्र संघीय आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा-पत्र १९६६ ले प्रत्याभूत गरेको छ । यो प्रतिज्ञा-पत्रलाई नेपालले १४ मे १९९१ मा विना कुनै सर्त अनुमोदन गरिसकेको छ । त्यसैगरी नेपाल सरकारले नेपालीहरुको आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरुको प्रत्याभूति र कार्यान्वयन गर्ने सम्बन्धमा दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को सामाजिक घोषणा-पत्र मार्फत पनि व्यापक प्रतिबद्धा जाहेर गरेको छ ।

अतः यी दुवै प्रावधान अर्न्तगत अन्तर्राष्ट्रिय कानूनले मानवले मानव भएर बाँच्नका लागि नभइ नहुने आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरुको सूचि निम्न अनुसार छ :-

- भोकबाट मुक्त हुने अधिकार
- जीविकोपार्जनका लागि काम गर्न पाउने अधिकार
- आफ्नो इच्छाको काम छान्न पाउने तथा स्वीकार्ने अधिकार
- काम गर्नका लागि उपयुक्त वातावरणको अधिकार
- उचित ज्याला पाउने अधिकार
- दासत्वबाट मुक्तिको अधिकार
- श्रमिक सङ्गठन खोल्न तथा सङ्गठित हुन पाउने अधिकार
- हड्ताल गर्न पाउने अधिकार
- सम्पत्तिमाथिको अधिकार
- समान कामका लागि महिला-पुरुषमा भेदभाव गर्न नहुने अधिकार
- राष्ट्रको सम्पत्तिको उपभोग गर्न पाउने अधिकार

*सामाजिक अधिकारभित्र पर्ने कुराहरुः-*

- स्वनिर्णयको अधिकार
- परिवारप्रतिको दायित्वको अधिकार

- उपयुक्त जीवनस्तरमा बाँच्न पाउने अधिकार
- प्रत्येक व्यक्तिको शिक्षा प्राप्त गर्ने अधिकार
- जातीय समानताको अधिकार
- व्यक्तित्व विकासको अवसर पाउने अधिकार
- स्वास्थ्य, सुरक्षा, बिरामीको सुविधाआदि पाउने अधिकार
- सामाजिक सुरक्षा प्राप्त गर्ने अधिकार
- सुत्केरी भएको बेला सेवा पाउने अधिकार
- बाँच्नका लागि आवश्यक पर्ने आधारभूत कुराहरु प्राप्त गर्ने अधिकार
- काम गर्दा घाइते भएको अवस्थामा पाउनु पर्ने सुविधाहरु प्राप्त गर्ने अधिकार
- बालबालिकाहरुले सुरक्षा पाउने अधिकार
- महिला र पुरुषबीच समानताको अधिकार
- उमेर पुगेका युवा-युवतीहरुलाई उनीहरुको मञ्जुरीमा विवाह गर्ने तथा परिवार सञ्चालन गर्न पाउने अधिकार

*साँस्कृतिक अधिकारभित्र पर्ने कुराहरु:*

- साँस्कृतिक जीवनमा सहभागी हुन पाउने अधिकार
- प्रत्येक व्यक्ति अथवा समुदायले आ-आफ्नो परम्परा, रीतिथिति, चालचलन अनुसार विभिन्न संस्कारहरु गर्न पाउने अधिकार
- आफ्नो रीतिरिवाज अनुसार विवाह, व्रतबन्धआदि गर्न पाउने अधिकार
- आफन्तको मृत्युपछिको अन्तिम संस्कार गर्न पाउने अधिकार
- जातीय परम्पराअनुसार संस्कारहरु गर्न पाउने अधिकार
- कलाको आनन्द लिने तथा विज्ञानको क्षेत्रमा भएको प्रगति र यस क्षेत्रबाट भएको फाइदामा सहभागी हुने अधिकार
- प्रत्येक व्यक्तिलाई उसले रचना गरेको कुनै वैज्ञानिक, साहित्यिक अथवा कलात्मक कृतिबाट प्राप्त भएको नैतिक तथा भौतिक लाभको संरक्षणको अधिकार
- आफूलाई मन परेको धर्म मान्न पाउने अधिकार

*ख. नागरिक तथा राजनीतिक अधिकार*

नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध (सम्झौता) १९६६ ले प्रदान गरेका नागरिक तथा राजनीतिक अधिकारहरु निम्न छन् :-
सो अनुबन्धलाई नेपालले १४ मे, १९९१ मा हस्ताक्षर गरिसकेको छ ।

*नागरिक अधिकारभित्र पर्ने कुराहरु:*

- बाँच्न पाउने अधिकार
- व्यक्तिगत सुरक्षाको अधिका
- स्वेच्छाचारी(जथाभावी) पक्राउबाट मुक्त हुने अधिकार
- निष्पक्ष न्यायको अधिकार
- कानूनका अगाडि व्यक्तिगत पहिचानको अधिकार
- समानताको अधिकार
- अभियोग लागेको व्यक्तिको सुनुवाइको अधिकार
- बन्दीहरुको अधिकार

- यातनाबाट मुक्त हुने अधिकार
- बन्दीहरुको छुट्टै उपचारको अधिकार
- दासताबाट मुक्त हुने अधिकार

*राजनैतिक अधिकारभित्र पर्ने कुराहरु*

- चुनावमा उठ्न पाउने अधिकार
- कुनै विचारमाथि आस्था राख्न पाउने अधिकार
- कुनै मतको विरोध गर्न पाउने अधिकार
- शान्तिपूर्वक सभा-सम्मेलन गर्न पाउने अधिकार
- छोपेर वा बोलेर आफ्नो मतको प्रचार गर्न पाउने अधिकार
- छिटो, छरितो र सस्तो न्याय पाउने अधिकार
- गोपनियताको अधिकार
- विशेष परिस्थितिमा देशभित्र र बाहिर आवत-जावत गर्न पाउने अधिकार
- सङ्घ सङ्गठन खोल्न पाउने, सङ्गठित हुन पाउने अधिकार

## ग. मौलिक अधिकारको अधिकार

*१. जीवन रक्षा सम्बन्धी वा बाँच्न पाउने अधिकार:*

प्रत्येक व्यक्तिलाई जीवनको स्वतन्त्रता एवं व्यक्तिगत सुरक्षाको अधिकार हुनेछ । प्रत्येक व्यक्तिको जीवन रक्षा तथा बाँच्न पाउने अधिकार छ । कानूनद्वारा यो अधिकारको रक्षा गरिनेछ । कसैको पनि स्वेच्छाचारी किसिमले जीवनहरण गरिनेछैन । जीवनहरण सर्वहत्याको अपराध ठहरिन्छ । प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा जिउको सुरक्षाको अधिकार छ । कसैलाई पनि स्वेच्छाचारी पक्राउ अथवा थुनाई भोग्न लगाइनेछैन । कानूनले स्थापना गरेका आाधर तथा कार्यविधिबाट बाहेक कसैलाई पनि आफ्नो स्वतन्त्रताबाट बञ्चित गर्न पाईंदैन ।

पक्राउ गर्ने समयमा समातिएको कुनै पनि व्यक्तिलाई पक्राउमा परेको कारण अवगत गराइनु पर्दछ । पक्राउगर्दा तुरुन्तै तिनका विरुद्धका आरोपको जानकारी दिइनु पर्दछ । कुनै अपराधजन्य आरोपमा पक्राउ परेको अथवा थुनिएको कुनै पनि व्यक्तिलाई न्यायधीश अथवा कानूनले न्यायिक शक्ति उपयोग गर्न पाउने अधिकार प्राप्त अधिकारी समक्ष तुरुन्त ल्याइनु पर्दछ र न्यायोचित समयावधिभित्र सुनुवाइ गरिनु पर्दछ ।

*२. समानताको अधिकार :*

सबै व्यक्ति जन्मजात सम्मान एवं अधिकारमा स्वतन्त्र र समान छन् । सबै मानव, मानव भएकै कारणले परस्परमा भ्रातृत्वको भावनाले व्यवहार गर्नुपर्दछ । नागरिक तथा राजनैतिक अधिकार उपभोग गर्ने नरनारीको समान अधिकार सुनिश्चित गरिएको छ । सम्पूर्ण आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरुको उपभोग गर्ने नरनारीमा समान अधिकारहरु रहेका छन् । पुरुषसँग समानताको आधारमा मानव अधिकार र आधारभूत स्वतन्त्रताको अभ्यास र उपभोग गर्न पाउने सबै नारीहरुको अधिकारलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरुमा प्रत्याभूत गरिएको छ ।

सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षबाट बञ्चित गरिने छैन । सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन । राज्यले नागरिकहरुका बीच धर्म, वर्ण, लिङ्ग, जात, जाती वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन । तर महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वगएको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिनेछ ।

कुनै पनि व्यक्तिलाई जातिपातीका आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरुको प्रयोग गर्नबाट बञ्चित गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ । समान कामका लागि महिला र पुरुषका बीच पारिश्रमिकमा भेदभाव गरिने छैन ।

*३. स्वतन्त्रताको अधिकार :*

सबै व्यक्तिहरु जन्मजात स्वतन्त्र हुन, ती सबैको समान प्रतिष्ठा र अधिकार छ । प्रत्येक व्यक्तिलाई स्वतन्त्रताको अधिकार छ । कसैलाई पनि स्वेच्छाचारी पक्राउ अथवा थुनाई भोग्न लगाइनेछैन । कानूनले स्थापना गरेका आाधर तथा कार्यविधिबाट बाहेक कसैलाई पनि आफ्नो स्वतन्त्रताबाट बञ्चित गरिनेछैन ।

कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन र मृत्युदण्डको सजाय हुनेगरी कुनै कानून बनाइने छैन ।

*४. विचार तथा अभिव्यक्तिको अधिकार*

प्रत्येक व्यक्तिलाई विचार, स्वतन्त्रता र अभिव्यक्तिको अधिकार छ । यस अधिकारमा विना कुनै हस्तक्षेप आफ्ना मतहरु बनाउने र विना रोकतोक कुनै पनि सञ्चार माध्यमद्वारा सूचना प्राप्त गर्ने, खोज्ने र प्रसार गर्ने अधिकार समावेश छ । प्रत्येक व्यक्तिको हस्तक्षेपविना राय बनाउने अधिकार हुनेछ ।

प्रत्येक व्यक्तिलाई अभिव्यक्तिको स्वतन्त्रता हुनेछ, सीमाको बन्देज विना मौखिक, लिखित अथवा मुद्रित, कलात्मक रुपमा अथवा आफ्ना छनौटका अन्य कुनै माध्यम मार्फत सम्पूर्ण प्रकारका सूचना तथा विचार खोज्ने, प्राप्त गर्ने तथा दिने स्वतन्त्रता यसमा समावेश हुनेछन् । जातीयताका आधारमा कसैलाई पनि विचार र अभिव्यक्तिको स्वतन्त्रता उपभोग गर्न रोक्न पाईंदैन । बालबालिकालाई बोल्न पाउने स्वतन्त्रता हुनेछ ।

*५. सद्विवेक तथा धार्मिक स्वतन्त्रताको अधिकार:*

प्रत्येक व्यक्तिलाई विचार, अन्तःस्करण र धार्मिक स्वतन्त्रताको अधिकार हुनेछ । धर्म वा आस्था बदल्ने स्वतन्त्रता हुनेछ र सार्वजनिक वा व्यक्तिगत रुपमा एक्लै वा सामूहिक रुपमा आफ्नो धर्म वा आस्थालाई शिक्षण, व्यवहार, पूजा र परिपालनद्वारा प्रकट गर्ने स्वतन्त्रता समेत यस अन्तर्गत सम्मिलित छ ।

विचार, अन्तःकरण तथा धर्मको स्वतन्त्रताको अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ । यस अधिकारमा आफ्नो छनौटको धर्म अथवा आस्था राख्ने अथवा ग्रहण गर्ने स्वतन्त्रता तथा व्यक्तिगत रुपमा अथवा अरु व्यक्तिसँग तथा सार्वजनिक अथवा गोप्य रुपमा आफ्नो आस्था अथवा धर्म, पूजा, नियम, अभ्यास तथा प्रशिक्षणमा प्रकट गर्ने स्वतन्त्रता समावेश हुनेछन् । आफ्ना आस्था अनुसार आफ्ना शिशुका धार्मिक एवं नैतिक शिक्षा सुरक्षित गर्ने मातापिताका तथा लागु हुने अवस्था भए कानूनी संरक्षकको स्वतन्त्रतालाई सम्मान गर्न यस अनुबन्धका राज्यपक्ष प्रतिज्ञा गर्दछन् । जातीयताका आधारमा कुनै पनि व्यक्तिलाई आफ्नो धर्म उपभोग गर्ने कुरामा भेदभाव गर्न पाइँदैन । कानूनद्वारा व्यवस्था गरिएका बन्देजहरुका अधीनमा रही आफ्नो धर्म र आस्थाहरुलाई प्रदर्शन गर्ने स्वतन्त्रता हुनेछ । तर कानूनका ती बन्देजहरु सार्वजनिक सुरक्षा, सार्वजनिक सुव्यवस्था, स्वास्थ्य वा नैतिकता तथा अरुको मौलिक अधिकार र स्वतन्त्रताको संरक्षणका लागि आवश्यक हुनुपर्नेछ ।

*६. भेलाहुने स्वतन्त्रता र अधिकार*

प्रत्येक व्यक्तिलाई शान्तिपूर्ण तरिकाले सभा गर्ने तथा संस्था खोल्ने अधिकार हुनेछ । शान्तिपूर्ण भेला गर्ने अधिकारलाई स्वीकार गरिनेछ । यस अधिकारको उपभोगमा कानूनबमोजिम लगाइएका तथा प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा अथवा सार्वजनिक सुरक्षा, व्यवस्था, स्वास्थ्य अथवा नैतिकता अथवा अनय व्यक्तिको अधिकार तथा स्वतन्त्रता रक्षा गर्न आवश्यक नियन्त्रण बोहक अन्य नियन्त्रण लगाउन सकिनेछैन । कुनै पनि जात, जातीयता, रङ्ग, राष्ट्रियता, साम्प्रदायिक उत्पत्तिका आधारमा शान्तिपूर्ण रुपमा भेलाहुने स्वतन्त्रताको अधिकारको उपभोग गर्न बञ्चित गरिने छैन ।

*७. संगठन गर्ने सवन्त्रताको अधिकार*

हरेक व्यक्तिलाई शान्तिपूर्ण तरिकाले संगठन गर्ने स्वतन्त्रता रहेको छ । आफ्नो आर्थिक एवं सामाजिक हित रक्ष ागर्न त्यस्ता सम्बन्धित संगठनका नियमहरु अन्तर्गत मात्र आफूले छानेका वाणिज्य संघ स्थापना गर्ने एवं त्यसमा सम्मिलित

हुने प्रत्येक व्यक्तिको अधिकार छ । कानूनले तोकेका तथा राष्ट्रिय सुरषा अथवा जनव्यवस्था अथवा अरुको स्वतन्त्रता एवं अधिकार रक्षा गर्न प्रजातान्त्रिक समाजमा यस अधिकारको उपभोगमा आवश्यक रोक बाहेक अन्य कुनै सीमांकन लगाइनेछैन । प्रत्येक व्यक्तिको आफ्ना हित रक्षा गर्न बाणिज्य संघ स्थापना गर्ने तथा तिनमा सम्मिलित हुने अधिकार समेत अरुसँग मिलेर संगठन गर्ने अधिकार हुनेछ ।

कानून बमोजिम लगाइएका तथा प्रजातान्त्रिक समाजको राष्ट्रिय सुरक्षा अथवा सार्वजनिक सुरक्षा व्यवस्था, स्वास्थ्य अथवा नैतिकता अथवा अन्य व्यक्तिका अधिकार तथा स्वतन्त्रता रक्ष ागर्न आवश्यक नियन्त्रण बाहेक यस अधिकारको उपभोगमा कुनै नियन्त्रण लगाउन पाइनेछैन । बालबालिकाहरुले संगठन गर्ने, शान्तिपूर्ण भेला हुने स्वतन्त्रताको उपभोग गर्न पाउनेछन् । कुनै किसिमको जातीय भेदभावविना प्रत्येक जात-जाती र समूहका नागरिकहरुलाई संगठन गर्ने स्वतन्त्रताको अधिकार छ । प्रत्येक व्यक्ति वा समूहलाई संघ/संस्था खोल्ने वा संगठन गर्ने स्वतन्त्रताको अधिकार प्रत्याभूत गरिएको छ ।

*८. हिंडडुलको अधिकार*

प्रत्येक व्यक्तिलाई प्रत्येक देशको सीमानाभित्र स्वतन्त्रतापूर्वक विचरण र बसोवास गर्ने अधिकार हुनेछ । प्रत्येक व्यक्तिलाई आफ्नो देश वा अरु कुनै देशबाट बाहिर निस्कने र आफ्नो देशमा फर्की आउने पूर्ण अधिकार छ । प्रत्येक व्यक्तिको अधिराज्यभरी आवत-जावत र बसोवास गर्ने स्वतन्त्रताको अपरहण गरिनेछैन ।

*९. प्रकाशन सम्बन्धित अधिकार*

प्रत्येक व्यक्तिलाई विचार, स्वतन्त्रता र अभिव्यक्तिको अधिकार छ । यस अधिकारमा विना कुनै हस्तक्षेप आफ्ना मतहरु बनाउने र विना रोकतोक कुनै पनि सञ्चार माध्यमद्वारा सूचना प्राप्त गर्ने, खोज्ने र प्रसार गर्ने अधिकार समावेश छ । प्रत्येक व्यक्तिलाई अभिव्यक्तिको स्वतन्त्रता हुनेछ, सीमाको बन्देज बिना मौखिक, लिखित अथवा मुद्रित, कलात्मक रुपमा अथवा आफ्ना छनौटका अन्य कुनै माध्यम मार्फत सम्पूर्ण प्रकारका सूचना तथा विचार खोज्ने, प्राप्त गर्ने तथा दिने स्वतन्त्रता यसमा समावेश हुनेछ । कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामग्री प्रकाशित गर्न पूर्व- प्रतिबन्ध लगाइने छैन ।

*१०. मौलिक अधिकारहरुको उल्लघंनहुँदा प्रभावकारी कानूनी उपचार माग्ने वा पाउने अधिकार :*

सबैलाई संविधान वा कानूनद्वारा दिइएको मौलिक अधिकारहरुको उल्लघंन विरुद्ध योग्य राष्ट्रिय अदालतको प्रभावकारी उपचारको अधिकार हुनेछ । मौलिक अधिकारहरुको उल्लघंनका विरुद्ध कारवाही चलाउन पाउने अधिकारको सुरक्षित गरिएको छ र यसलाई संवैधानिक उपचारको अधिकार वा हक भनिन्छ ।

*(नेपाल अधिराज्यको संविधान २०४७ मा उल्लेख भएका मौलिक अधिकारहरुको पूर्ण पाठ अनुसूची १ मा दिएको छ ।)*

***घ. सरकारमा सहभागिताको अधिकार***

प्रत्येक व्यक्तिलाई आफ्नो देशको सरकारमा प्रत्यक्ष रुपले वा स्वतन्त्र रुपले चुनिएका प्रतिनिधिमार्फत भाग लिने अधिकार हुनेछ । जनताको इच्छा नै सरकारको सत्ताको आधार हो र यस्ता इच्छा आम समान मतदानद्वारा समय समयमा गरिने निष्पक्ष चुनावमार्फत अभिव्यक्त गरिनेछ र त्यस्तो चुनाव गोप्य मतदान वा त्यस्तै स्वतन्त्र मतदान प्रणालीद्वारा गरिनेछ । र, यस्ता कृयाकलापहरु मार्फत जनताको सरकारमा सहभागिताको अधिकारलाई सुरक्षित गरिएको हुन्छ । पुरुष सरह महिलाको सरकारमा सहभागिताको अधिकारलाई उच्च तहमा प्रत्याभूत गरिएको छ । कुनै पनि जात-जाती, धर्म-सम्प्रदायका आधारमा सरकारमा सहभागिताको अधिकारलाई उल्लंघन गर्न पाइने छैन र सरकार तथा कुनै पनि तहमा सार्वजनिक मामिलाको सञ्चालनमा भाग लिने अधिकार सुनिश्चित गरिएको छ ।

***ङ. राजनीतिक स्तर निर्धारण र आत्मनिर्णयको अधिकार***

प्रजातान्त्रिक प्रणाली अर्न्तगत राजनीतिक दलका कृयाकलापहरुमा सहभागिता जनाउने सम्बन्धमा प्रत्येक व्यक्तिले आफ्नो लागि आफै निर्णय गर्न पाउने अधिकारलाई प्रत्याभूत गरिएको हुन्छ । कुन राजनीतिक दल वा कुन राजनीतिक विचार धारामा आवद्ध हुने भन्ने निर्णय गर्न पाउनु नै आत्मनिर्णयको अधिकार हो । चुन्ने र चुनिने अधिकारको उपभोग गर्दै आफ्नो राजनैतिक सहभागिताको कसरी निर्धारण गर्ने भन्ने सवालमा प्रत्येक व्यक्तिलाई आत्म निर्णय गर्ने अधिकार हुन्छ । प्रत्येक व्यक्तिलाई राज्यको राजनीतिक प्रणालीमा सहमति वा असहमति प्रकट गर्ने अधिकार छ । राज्यका प्रमुख

निर्णय प्रक्रियाहरुमा सहभागि हुने, राज्यको अर्थराजनीतिक र प्राकृतिक स्रोतको बाँडफाँडको निर्णयमाथि स्वामित्व स्थापित गर्ने प्रक्रियाको मापदण्ड राजनीतिक स्तरको निर्धारण र आत्मनिर्णयको अधिकारद्वारा निर्देशित हुन्छ । र, यसले प्रत्येक स्थानिय जनतालाई तिनले आफ्ना राजनीतिक अधिस्थान स्वतन्त्रतापूर्वक निर्धारण गर्ने र आफ्नो आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासको अधिकारलाई प्राप्त गर्न सघाउ पुऱ्याउँदछ ।

*च. राजनीतिक सहभागिताको अधिकार*

प्रत्येक व्यक्तिको सरकारमा प्रतिनिधिमार्फत भाग लिन पाउने र मतदानको अधिकार सहित सकृय राजनीतिक सहभागिताको अधिकारलाई सुनिश्चित गरिएको छ । प्रत्येक व्यक्तिले राजनैतिक सहभागिताको अवसर र अधिकार उपभोग गर्न पाउनुपर्दछ । प्रत्येक व्यक्तिलाई प्रत्यक्षः अथवा स्वतन्त्रतापूर्वक छानिएका प्रतिनिधि मार्फत राजनीतिमा सहभागि हुने अधिकार छ । जाति, धर्म, वर्ण, लिङ्ग जस्ता आधारमा कसैले पनि कसैको राजनीतिक सहभागिताको अधिकारलाई उपभोग गर्नबाट वञ्चित गराउन पाउने छैन । राजनीकि सहभागिताको अधिकार अर्न्तगत निर्वाचन र सार्वजनिक जनमतमा मतदान गर्ने र सार्वजनिक रुपले चुनिने, सरकारी नीतिको तर्जुमा र त्यसको कार्यान्वयनमा सहभागी हुने, सरकारी पद सम्हाल्ने तथा सरकारको सबै तहका सार्वजनिक कार्य सम्पन्न गर्ने वा सरकारमा भाग लिने, देशको सार्वजनिक राजनीतिक जीवनसँग सम्बन्धित गैरसरकारी संघ र संगठनहरुमा सहभागी हुने अधिकारहरु समेत समावेश छन् ।

*छ. कानूनका अगाडि समानता र गैर भेदभावको अधिकार*

जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अन्य मत, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति वा अरु कुनै मर्यादाको आधारमा कुनै पनि व्यक्तिलाई भेदभाव गर्न पाइने छैन । यसको अतिरिक्त कुनै देश, भू-भाग र सीमित प्रभुसत्ता भएको आधारमा तथा कुनै राजनैतिक, क्षेत्रिय वा अन्तर्राष्ट्रिय स्थितिको आधारमा कसैलाई पनि भेदभाव गर्न पाइने छैन । कानूनको दृष्टिमा प्रत्येक व्यक्तिलाई सर्वत्र एक व्यक्तिको रुपमा मान्यता पाउने अधिकार हुनेछ । अन्तर्राष्ट्रिय मानव संयन्त्रद्वारा स्थापित सम्पूर्ण आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरुको उपभोग गर्ने नरनारीका समान अधिकार सुनिश्चित गरिएको छ । त्यस्तै गरी न्यायालय तथा ट्रिव्यूनल समक्ष सबै व्यक्ति समान हुनेछन् ।

फौजदारी आरोप लागेका प्रत्येक व्यक्तिलाई कानूनद्वारा दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने अधिकार हुनेछ । आफ्ना विरुद्ध फौजदारी आरोप निर्धारण गर्दा प्रत्येक व्यक्तिलाई समानताका आधारमा निम्न न्यूनतम ग्यारेन्टी दिइनेछ । आफ्ना विरुद्धका आरोपको प्रकृति तथा कारणको आफूले बुझ्ने भाषामा तुरुन्त एवं विस्तारपूर्वक जानकारी पाउने; आफ्नो प्रतिरक्षा गर्न पर्याप्त समय एवं सुविधा पाउने तथा आफूले छानेको वकिलसँग कुराकानी गर्न पाउने; अनुचित ढिलाइ बिना सुनवाइ हुने; आफ्नो उपस्थितिमा सुनुवाइ हुने तथा आफैंले अथवा निजले रोजेको कानूनी सहायता मार्फत प्रतिरक्षा गर्न पाउने; कानूनी सहायता नभएमा यो अधिकारको जानकारी गराइने; न्यायको कारणले आवश्यक भएमा आफूलाई कानूनी सहायता निश्चित गर्न पाउने तथा यस्तो सहायता वापत तिर्ने आफ्नो पर्याप्त क्षमता नभएमा निःशुल्क पाउने, आफ्ना विरुद्धका साक्षी परीक्षण गर्ने अथवा परीक्षण गर्न लगाउने तथा आफ्नो तर्फका साक्षीको हाजिरी तथा परीक्षण आफ्नो विरुद्धको साक्षीकै जस्तो अवस्थामा प्राप्त गर्ने; न्यायालयमा उपयोग गरिने भाषा नबुझ्ने अथवा बोल्न नसक्ने भएमा दोभाषोको निःशुल्क सेवा पाउने; आफ्नो विरुद्ध प्रमाण दिन अथवा अपराध स्वीकार गर्न बाध्य गराउन नपाइने; अपराधमा सजायँ पाएका प्रत्येक व्यक्तिलाई कानून अनुसार उच्चत्तरको ट्रिव्यूनलबाट आफ्नो सजायँ तथा दण्डको मुद्दा दोहोऱ्याउन पाउने अधिकार हुनेछ ।

लिङ्गका आधारमा कुनै पनि भेद, निष्काशन वा नियन्त्रण गर्न पाइने छैन । कानूनका समक्ष पूरुष सरहको समानता नारीहरुले प्राप्त गरेका छन् । सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित गरिने छैन । सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन । राज्यले नागरिकहरुका बीच धर्म, वर्ण, लिङ्ग, जात, जाती वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन । तर महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिनेछ । कुनै पनि व्यक्तिलाई जातिपातीका आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरुको प्रयोग गर्नबाट वञ्चित गरिने

छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ । समान कामका लागि महिला र पुरुषका बीच पारिश्रमिकमा भेदभाव गरिने छैन ।

## तेस्रो सत्र

**कार्याशाला राजनीतिक स्तरको निर्धारण र भूमिकाको खोजी कहाँ र कसरी ?**

## चौथो सत्र

**४. राज्यका मुख्य नीतिहरु तथा उत्तरदायित्व**
**क. राज्यका मुख्य नीतिहरु**
**१ आर्थिक वृद्धि तथा गरिवी-न्यूनीकरण**
१.१. नयाँ लगानी तथा व्यापारका अवसरहरु
निरपेक्ष गरिवीको स्तरलाई घटाउने
कृषि तथा कृषिमा आधारित उद्योगहरु र जलविद्युत् तथा पर्यावरणीय पर्यटन जस्ता सेवाहरुको विस्तार गर्ने गरिवीको विन्दु घटाउन सात प्रतिशतले बार्षिक बृद्धि हासिल गर्ने वा सो कायम गर्नु;
प्रत्यक्ष वैदेशिक लगानीलाई आकर्षित गर्न नीतिगत विरोधाभासहरुलाई हटाउनु;
निजी क्षेत्रको सहभागिता तथा असल संस्थागत शासनलाई तीव्रता प्रदान गर्नु,
आर्थिक कूटनीति तथा विश्व व्यापार सङ्गठनको सदस्यताबाट प्राप्त नयाँ बजारमा उत्पादन तथा श्रमको निर्यात गर्नु
उत्पादनशील लगानीतर्फ औपचारिक बैङ्किङ्ग प्रक्रियाद्वारा वैदेशिक क्षेत्रबाट विप्रेषित रकम (रेमिट्टान्स) लाई प्रवाहित गर्न नीतिगत सुधारका लागि कदम चाल्नु; स्वदेशका संस्थागत तयारीबाट विश्व-एकीकरणलाई सघाउ पुऱ्याउनु ।

१.२. गहकिलो वित्तीय पुनः संरचना
मूल्य अभिवृद्धि कर तथा विस्तारित कर-आधारका प्रभावकारी कार्यान्वयनका माध्यमबाट राजस्व-सङ्कलनमा वृद्धि गर्नु; ऋणको बोझलाई घटाउनु; विवेकपूर्ण नियमका आधारमा वित्तप्रणालीको पुनःसंरचना गर्नु ।

१.३. सार्वजनिक क्षेत्रको कुशल व्यवस्था
सार्वजनिक खर्चको वहुवर्षीय योजना तथा सरकारी आयोजना र कार्यक्रमको प्राथमिकीकरणका आधारमा विकास बजेटको पूर्ण उपयोग गर्नु; सार्वजनिक वस्तुहरुको व्यवस्थामा सुधार गर्नु; सरकारी स्वामित्वमा रहेका संस्थानहरुलाई विस्तारै निजीकरण गर्दै जानु ।

१.४. कृषिमा अधिकतम वृद्धि तथा पुनः- अभिमुखीकरण
मल, सिँचाई, अनुसन्धान तथा प्रसार र पूर्वाधारसंरचनामा अतिरिक्त लगानी गरी उत्पादनको र विशेष गरी उच्च मूल्य र कम बजनका बालीको मूल्य तथा परिमाण दुवै बढाउनु; बजारव्यवस्था गर्नु, भूमिसुधार एवं भू-उपयोगको व्यवस्थापन गर्नु, करारखेतीको सुरक्षालाई तीव्र पार्नु ।

१.५. लक्षित विकास कार्यक्रमहरु
अत्यन्त गरिबीपूर्ण क्षेत्रहरु (विशेषगरी सुदूर तथा मध्य पश्चिम क्षेत्रका) अनि दलित र आदिवासी समूह तथा तीमध्ये पनि खास गरी महिलाहरुका सामाजिक सूचकहरु त्था पूर्वाधारमा सुधार ल्याउनु; गरिबीनिवारणकोष (PAF) लाई सुदृढ बनाउनु र आधारभूत पूर्वाधार-संरचनामा लगानीका लागि स्थानीय विकास कोषहरुको स्थापना गर्नु ।

१.६. वतावरणीय समाधान

स्वच्छ ऊर्जा स्रोतको प्रयोग गराउन आर्थिक उत्प्रेरणाको सिर्जना गर्नु; सम्पूर्ण आयोजनाहरुका लागि वातावरणीय प्रभावको मूल्याङ्कन तथा विकल्पहरुको विश्लेषणलाई अनिवार्य गराउनु ।

१.७. सामाजिक परिचालन
गैरसरकारी संस्थाहरुको सहयोगबाट स्वास्थ्य, कृषि एवं ऋणव्यवस्था, शीप-प्रशिक्षण तथा प्रौढसाक्षरता-जस्ता क्षेत्रहरुमा स्थानीय निकाय तथा तिनका सेवा प्रदान गर्ने एकाईहरुसँग राम्रो सम्बन्ध कायम गर्नु, गरिबहरुका सङ्गठित समूहहरुको विस्तारलाई सहज बनाउनु; गरिबीनिवारण-कोषलाई क्रियाशील बनाउनु ।

१.८. सामाजिक सुरक्षाप्रबन्धमा बृद्धि
बृद्ध, विधवा, अपाङ्ग तथा यस्तै अन्य कमजोर समूहहरुलाई दिइने भत्ताको व्यवस्थालाई बृहद रुप दिनु; स्वास्थ्य तथा सम्पत्तिसम्बन्धी जोखिमविरुद्ध सबै घरधुरीलाई समेट्ने गरी सार्वजनिक तथा निजी रुपमा उपलब्ध गराइएका बिमा-कार्यक्रमलाई फैलाउनु ।

**२. स्वास्थ्य, जनसंख्या र आवास**
२.१. स्वास्थ्यसेवाको राष्ट्रव्यापी सञ्जाल
आधारभूत स्वास्थ्य सेवा प्राप्त हुने ठाउँसम्म बढीमा केही घण्टामा पुग्न सकिने सुविधा सबै नागरिकहरुलाई उपलब्ध गराउनु; स्वास्थ्य सेवा अन्तर्गतको प्रोत्साहन र प्रशासनिक नियन्त्रणको प्रणालीको पुनः संरचना गर्नु, बढी मात्रामा महिलाहरुको संलग्नता रहेको प्रशिक्षित स्वास्थ्यकर्मीसमूहबाट सेवाका साथै औषधिहरु उपलब्ध गराउनु, स्वास्थ्य सेवालाई स्वास्थ्य सेवामा बढ्दो जनपहुँच सुनिश्चित गर्नका लागि उपयुक्त रुपमा बीमा व्यवस्थासमेत अन्तर्निहित भएको स्वास्थ्य कार्यक्रमसमेत उपलब्ध गराउनु ।

२.२. अन्तरक्षेत्रीय सम्बन्ध
सामाजिक सूचकहरुमा सुधार ल्याउने क्रममा अन्तरक्षेत्रीय अवधारणा राखी स्वास्थ्य क्षेत्रलाई पोषण, शिक्षा, खाद्य सुरक्षा र खानेपानीक्षेत्रसँग एकीकृत गर्नु ।

२.३. विकेन्द्रित प्रशासन
स्थानीय निकायहरुबाट जिल्लास्तरीय तथा गाउँस्तरीय स्वास्थ्यनिकायहरुको व्यवस्थापन गर्ने प्रक्रियालाई बढाउनु; एचआईभी/एड्स तथा लागूपदार्थ र मादक पदार्थको सेवनसहितका स्वास्थ्यचेतनासम्बन्धी अधिकांश सञ्चार अभियानहरुको सञ्चालन समुदाय, महिलासमूह तथा आमसञ्चारक्षेत्रसँग समन्वय राखी स्थानीय स्तरमा नै गराउनु ।

२.४. प्रजनन, बाल मृत्यु तथा मातृमृत्युका सम्भाव्यताको नियन्त्रण
बालबालिकाका विश्वव्यापी अधिकारका सम्बन्धमा अन्तर्राष्ट्रिय रुपमा भएको सहमतिप्रति सम्मान गर्नु; राष्ट्रिय सुरक्षित मातृत्व-योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु; परिवार-नियोजनका साधनको उपलब्धता-दरमा सुधार ल्याउनु; बालबालिकाको कुपोषण दरलाई आधापार्नु ।

२.५. सबै प्रकारका श्रमको नियमन
बालश्रम तथा बधुवा श्रमको उन्मूलन गर्नु; राष्ट्रभित्र तथा बाहिर आवतजावत हुने श्रमको अनुगमन गर्नु; अन्तर्राष्ट्रिय श्रम सङ्गठनको न्यूनतम ज्याला, सुत्केरी विदा, पेशागत स्वास्थ्य तथा सुरक्षा-मापदण्डसम्बन्धी महासन्धिलाई सम्मान गरी सीपयुक्त श्रमशक्तिको आन्तरिक समूहको स्थापना गर्नु ।

२.६. उत्सर्जन (Emissions) नियन्त्रण
उत्सर्जनशून्य सवारी साधनको व्यवस्थातर्फ पाइला चाल्नु; वायुगुणस्तरको मापदण्डको निर्धारण गर्नु र त्यसलाई प्रोत्साहित गर्नु; उद्योग तथा नगरपालिकाहरुबाट उपचार नगरी फोहोर पानी फालिने प्रवृत्ति माथि प्रतिबन्ध लगाउनु; फोहोर पानीका प्रशोधनका लागि उत्प्रेरणाको सिर्जना गर्नु; वायु-गुणस्तरबारेको अनुसन्धानको विस्तार गर्नु; पुनः प्रशोधन गर्न नसकिने घरेलु फोहोरका लागि पैसा तिराउने नीति बनाउनु र पुनः प्रशोधनसम्बन्धी कार्यक्रमहरु स्थानीय

निकायहरुलाई चलाउन लगाउनु; राज्यको नियमनकारी भूमिकामा बृद्धि गर्नका साथै फोहोरमैलाको व्यवस्थापनजस्ता वातावरणीय सेवामा निजी क्षेत्रको समावेशको व्यवस्थालाई पनि बढाउनु ।

**३. वन, पर्यावरणीय प्रणाली तथा जैविक विविधता**

३.१. प्राकृतिक वन तथा संरक्षित क्षेत्रको व्यवस्थापन

यस क्षेत्रबाट स्थानीय तथा राष्ट्रिय अर्थतन्तका बृद्धिमा सघाउ पुऱ्याउनु; वनजन्य स्रोतका विकास, व्यवस्थापन तथा संरक्षणमा जनसहभागितालाई बढाउनु; संरक्षित क्षेत्रलाई पर्यटन-गन्तव्यका रुपमा विकसित गरेर तिनीहरुबाट स्थानीय जनसमुदायलाई आर्थिक लाभ प्राप्त हुने कुरा सुनिश्चित गर्नु ।

३.२. पर्यावरणीय प्रणाली तथा जैविक स्रोतको संरक्षण

वनक्षेत्र, चरिचरनक्षेत्र, संरक्षित क्षेत्र, सिमसारक्षेत्र तथा कृषिक्षेत्रमा विद्यमान जैविक विविधताको संरक्षण तथा व्यवस्थापनमा जोड दिने नेपालको जैविक विविधता रणनीतिको कार्यान्वयन गर्नु ।

३.३. भूपरिधि (भू-आकृति) स्तरमा जैविक विविधताको संरक्षण

मौसम-परिवर्तन, बासस्थान-विखण्डीकरण तथा वनक्षेत्रको विनाशका खतराबाट पैदा हुने वृहद् क्षतिको प्रभावको आंकलनका साथै संरक्षित क्षेत्रबाहिरका जैविक विविधताको पनि संरक्षण गर्नु ।

३.४. क्षय हुनबाट जमिनको संरक्षण

भूक्षय, बाढी, पहिरो, मरुभूमिकरण, तथा पर्यावरणीय असन्तुलनका अरु किसिमका प्रभावबाट हुने हानिको नयूनीकरण गर्नका लागि कदम चाल्नु; एकीकृत भूउपयोगको सिद्धान्तको अनुसरण होस् भन्ने उद्देश्यले स्थानीय निकायहरुलाई भूउपयोग-योजना बनाउन लगाउनुका साथै सो लागू गर्न लगाउनु; खाद्यान्न-उत्पादनमा सघाउ पुऱ्याउनका लागि वनप्रणाली तथा कृषिप्रणाली बीचमा बढी प्रभावकारी अन्तरक्रिया गराउनु ।

३.५. गैरकाष्ठ वनको दिगो कटान तथा व्यवस्थापनको प्रवर्द्धन

निजी जमिन तथा सामुदायिक एवं कबुलियती वनमा वनजन्य गैरकाष्ठ वनस्पति, विशेषगरी औषधीय जडीबुटी तथा सुगन्धित वनस्पति लगाउन प्रोत्साहित गर्नु; वनजन्य स्रोतको मूल्याङ्कन तथा अनुकूलनमूलक (Adaptive) अनुसन्धान गर्नु ।

३.६. उपेक्षित पर्वतीय समुदायका लागि कृषि-जैविक विविधता

सहभागितामूलक कृषिवनस्पति-प्रजनन र प्रजातीय छनौट तथा सामुदायिक बीज-बैंङ्किङ्ग एवं रैथाने जातको उपयोग तथा स्थानीय ज्ञानप्रणालीको माध्यमबाट परम्परागत खेतीप्रणालीसमेतका आधारमा कृषि-बालीका प्रजातिहरुको जैविक विविधतालाई सुनिश्चित गर्ने कार्य जारी राख्नु ।

३.७. चरिचरन संरक्षण

कृषिक्षेत्र र वनक्षेत्रका बीचका बहुसंख्यक सङ्कटापन्न प्रजातिका साथसाथै पर्वतीय समुदायहरुको जीवनवृत्तिका लागि पनि अत्यावश्यक चरिचन क्षेत्रका जैविक स्रोतहरुको संरक्षण हुने खालको विस्तृत तथा सुमसङ्गत चरिचरन (Range Land) संरक्षण रणनीति तयार गर्नु ।

३.८. नेपालको जैविक विविधताको औषधीय प्रयोग तथा आयका सम्बन्धमा अनुसन्धान तथा खोजी

जडीबुटीको निर्यातलाई नियमित गर्नु; परम्परागत औषधिमा प्रयोग गरिने जडीबुटीको उपचारात्मक क्षमताका सम्बन्धमा अध्ययन गर्न स्थानीय अनुसन्धानकर्ताहरुलाई प्रोत्साहित गर्नु; नेपालका जडीबुटीहरुबाट तयार गरिएका औषधिहरुमाथिको स्वत्वाधिकार (Patenting) प्राप्त गर्ने कार्यलाई तीव्रता प्रदान गर्न सहयोग पुऱ्याउनु ।

**४.शिक्षा**

४.१. विद्यालयशिक्षा तथा शतप्रतिशत साक्षरताको अवसर

प्रत्येक बालिका तथा बालकलाई प्राथमिक विद्यालय जाने पार्नु; प्रौढ शिक्षा कार्यक्रम उपलब्ध गराउनु; समुदायद्वारा व्यवस्थित प्राथमिक तथा माध्यमकि विद्यालयमा बालिकाहरुको सहभागिता बढाउनका लागि आवश्यक वातावरणको सिर्जना गर्नु; विद्यालयशिक्षा समाप्त गर्ने विन्दुका रुपमा १२ कषालाई निर्धारित गरी विद्यालयप्रणालीको पनु:संरचना गर्नु ।

४.२. व्यवसायिक प्रशिक्षण अवसर
विद्यमान व्यवसायिक प्रशिक्षण विद्यालयहरुका संख्या तथा भर्नामा बृद्धि गर्नु; यस किसिमका नयाँ विद्यालयहरुको स्थापना गर्नु; महिला तथा पुरुष दुबैलाई औपचारिक व्यवसायिक प्रशिक्षणका अवसरहरु उपलब्ध गराउन निजी क्षेत्रलाई प्रोत्साहित गर्नु ।

४.३. महाविद्यालय तथा विश्वविद्यालयको गुणस्तरमा सुधार
विश्वविद्यालयहरुलाई राजनीतिकरण हुनबाट जोगाउनु; बहुमुखी क्षेत्रीय विश्वविद्यालयहरु बढाउनु; महाविद्यालयहरुलाई प्रतिस्पर्धा गर्न प्रोत्साहित गर्नु र शिक्षामा वैदेशिक लगानी आकर्षित गर्नु ।

४.४. आन्तरिक अनुसन्धानक्षमतामा सुधार
सशक्त राष्ट्रिय अनुसन्धान कोषको स्थापना गर्नु; राष्ट्रिय प्राथमिकताका अनुसन्धानक्षेत्रहरु सूचीकृत गर्नका साथै तिनको कार्यान्वयन गर्ने एक परिषद्को स्थापना गर्नु ।

**५. सुशासन**
५.१. प्रभावकारी विकेन्द्रीकरण
कृषिप्रसार, शिक्षा र स्वास्थ्य जस्ता स्थानीय सार्वजनिक सेवालाई बढ्दो रुपमा व्यवस्थापन गर्न सशक्तिकृत स्थानीय निर्वाचित निकायलाई राजनतिक, वित्तीय तथा प्रशासनिक अधिकार प्रदान गर्नु; गरिबी र जनसंख्याका स्तरका आधारमा स्थानीय निकायहरुलाई अनुदान बढाउनु; स्थानीय स्रोत-आधारको सिर्जन िगर्न र राजस्व बाँडफाँडका नयाँ मार्गहरु पहिल्याउन स्थानीय निकायहरुलाई सहयोग गर्नु; बृहद् कानुनी अधिकारका लागि कानुनहरुको संशोधन गर्नु ।

५.२. पहुँच तथा प्रतिनिधित्वका शैलीको समीक्षा
सार्वजनिक वित्तबाट चलेका सम्पूर्ण राज्यनिकायहरुका भर्ना- योग्यता तथा विद्यमान कर्मचारी- संरचनाका सम्बन्धमा आवधिक समीक्षा गर्नु; योग्यता र क्षमतामा आधारित व्यवस्थालाई सर्वोच्च मार्गनिर्देशक सिद्धान्तका रुपमा मान्ने गरी राज्यले लैङ्गिक र सामाजिक-जातीय असमान संरचनालाई गम्भीरतापूर्वक सुधार गर्नु ।

५.३. निजामती सेवासुधार
नागरिकहरुसँग प्रत्यक्ष सम्पर्क रहने प्रशासनिक कर्मचारीतन्त्र, प्रहरी र सेनाजस्ता राज्यका अङ्गहरुलाई आवश्यक छाँटकाँट, दक्षताका आधारमा लैङ्गिक र जातीय प्रतिनिधित्व, लागत प्रभावकारिता, स्तरीय सार्वजनिक सेवा र जनताले तिरेको कर रकमको प्रतिष्ठाका दृष्टिले पनु: संरचना तथा सुधार गर्नु ।

५.४. सुशासन-कानुन
विकास र प्रशासनका क्षेत्रमा र त्यसमा पनि खास गरी सार्वजनिक खर्चव्यवस्थापनमा पारदर्शिता, उत्तरदायिता र सहभागिताका स्थितिमा सुधार ल्याउन मानवअधिकारका विषयहरु र नागरिक वडापत्रका अतिरिक्त अन्य उपायहरु समेतका माध्यमबाट सुशासनको प्रत्याभूति प्रदान गर्ने सशक्त विधेयकहरुको तर्जुमा गरी तिनलाई लागू गर्नु ।

**६. पूर्वाधार संरचना**
६.१. सडक यातायातको राष्ट्रव्यापी सञ्जाल
आधुनिक यातायातबाट सबै जिल्लालाई जोड्नमा जोड दिनु; सडक, केबुल कार तथा सुधारिएका गोरेटाहरुका निर्माणका लागि गाउँ विकास समितिहरुलाई पर्याप्त लगानी तथा प्राविधिक मार्गनिर्देशन उपलब्ध गराउनु; ठूला नदीहरुमा

यन्त्रचालित तथा मानवचालित डुङ्गाहरुको सञ्चालन गर्ने सम्भाव्यताका साथै रेलमार्ग जोड्ने सम्भाव्यता पहिल्याउनु; सडकनिर्माणका क्रममा वातावरणीय सुधार र आर्थिक हितमा जोड दिनु ।

६.२. सडक यातायातको राष्ट्रव्यापी सञ्जाल
आधुनिक यातायातबाट सबै जिल्लालाई जोड्नमा जोड दिनु; सडक, केबुल कार तथा सुधारिएका गोरेटाहरुका निर्माणका लागि गाउँ विकास समितिहरुलाई पर्याप्त लगानी तथा प्राविधिक मार्गनिर्देशन उपलब्ध गराउनु; ठूला नदीहरुमा यन्त्रचालित तथा मानवचालित डुङ्गाहरुको सञ्चालन गर्ने सम्भाव्यताका साथै रेलमार्ग जोड्ने सम्भाव्यता पहिल्याउनु; सडकनिर्माणका क्रममा वातावरणीय सुधार र आर्थिक हितमा जोड दिनु ।

६.३. यातायात संरचना तथा सेवामा निजी लगानी ।
लामो दूरीका राजमार्ग तथा रेलमार्गका साथै दूरसञ्चारका संरचना तथा सेवामा लगानी गर्न र तिनको सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्नु; मिलेमतो (Cartelling) लाई रोक्न र भाडादर एवं सेवाको गुणस्तरका दृष्टिकोणबाट प्रतिस्पर्धा गर्न सक्ने बससेवाको सञ्चालन गर्न प्रोत्साहित गर्नु ।

६.४. आधारभूत संरचनाका लागि स्थानीय विकास कोष
सिँचाइ, कृषिसडक, स्थानीय सडक तथा अन्य सार्वजनिक निर्माण कार्यहरु जस्ता साना संरचना भएका आयोजनाहरुका तर्जुमा, कार्यान्वयन, मर्मतसम्भार तथा स्वामित्वका सम्बन्धमा स्थानीय विकासकोषमार्फत स्थानीय निर्णयप्रक्रियालाई सहज गराउनु ।

६.५. खाद्य सुरक्षा
राष्ट्रभर नै आपतकालीन खाद्यभण्डारण केन्द्रहरुको स्थापना गर्नु; विभिन्न स्थललाई जोड्ने बहुसम्पर्की यातायातसञ्जालको स्थापनालाई प्रोत्साहित गरी यातायात अवरोधलाई न्यूनीकरण गर्नु; ग्रामीण क्षेत्रमा पर्याप्त मल तथा बीउ आपूर्ति सुनिश्चित गर्नु ।

६.६. आन्तरिक तथा बाह्य वायुसेवाहरुमा प्रतिस्पर्धा गराउन शाही नेपाल वायुसेवा निगमलाई निजीकरण गर्नु र अन्तर्राष्ट्रिय उडान मार्ग खुला गर्नु; 'सार्वजनिक सेवा' का उडान मार्गका सञ्चालनका लागि उत्प्रेरणा तथा भाडा-सीमासहित परिमार्जित खुला आकाशको निजी आन्तरिक उड्डयनसम्बन्धी वर्तमान नीति कायमै राख्नु; नेपालका विभिन्न स्थानमा आवश्यकताअनुसार विमानस्थलको निर्माण गर्नमा निजी क्षेत्र तथा वैदेशिक लगानी आकर्षित हुने वातावरणको सिर्जना गर्नु ।

**७. शान्ति तथा सुरक्षा**

७.१. सिर्जनात्मक कूटनीति
भारत, चीन तथा अन्य नजिकका छिमेकी राष्ट्रहरुका साथै अन्य भूपरिवेष्ठित तथा पर्वतीय राष्ट्रहरुका साथै अन्य भूपरिवेष्ठित तथा पर्वतीय राष्ट्रहरुसागको द्विपक्षीय व्यापारसम्बन्धमा सुधार गर्नु; नेपाली उत्पादन तथा कामदारका लागि नयाँ विश्वव्यापी बजार प्राप्त गर्नु; नेपाली उत्पादन तथा कामदारका लागि नयाँ विश्वव्यापी बजार प्राप्त गर्नु; पर्यटन र लगानीको प्रवर्धनमा आर्थिक कूटनीतिलाई सक्रिय तुल्याउनु ।

७.२. सीमानियन्त्रण
विदेशी आप्रवासीहरुको प्रवाहलाई अनुगमन गर्नु र त्यसको अभिलेख राख्नु; बालिका तथा महिलाहरुको ओसारपसार, रोगहरु, आतंकवादीहरु त्था निषेधित वस्तुहरुको प्रवाहलाई रोक्नु ।

७.३. आतंकको सामना
स्वीकृति नलिई हातहतियार राख्ने तथा आतङ्ककारी क्रियाकलापलाई कुनै हालतमा पनि छुट नदिनु; सबै किसिमका विमतिहरुलाई वार्तामा आधारित समाधानबाट अन्त्य गर्न कोशिस गर्नु ।

७.४. आपतकालीन कदम

प्रकोपहरुको अवस्थामा तयारी गर्न तथा मार्गनिर्देशन गर्न राष्ट्रिय प्रकोप तयारी तथा व्यवस्थापन निकायको स्थापना गर्नु; बाढी, पहिरो वा भूकम्पबारे सावधान गराउन प्रत्येक गाउँमा पूर्वचेतावनी-प्रणालीको स्थापना गर्नु; प्रकोपसमनाको विकेन्द्रित क्षमता तयार गर्नु; स्थलकेन्द्रित जोखिम सिर्जना गर्ने भवन तथा आधारभूत पूर्वाधारसंरचनाका निर्माणका लागि सुरक्षित ढाँचासम्बन्धी मापदण्ड लागू गर्नु; भूकम्पकोपूर्वानुमानप्रणालीको तथा सही मौसम पूर्वानुमान प्रणालीका लागि अनुसन्धान गर्नु र लगानी गर्नु; सम्पूर्ण हिमतालहरुको अनुगमन गर्नु अनि शीघ्र जडानका लागि साइफनसामग्रीहरु तयारी अवस्थामा राख्नु ।

*(नेपाल अधिराज्यको संविधान २०४७ मा उल्लेख भएका राज्यका निर्देशक सिद्धान्त र मुख्य नीतिहरुको पूर्ण विवरणका लागि अनुसूची २ हेर्नुहोस् ।)*

**ख. राज्यका उत्तरदायित्व**

१. अन्तर्राष्ट्रिय उत्तरदायित्व

नेपाललले अन्तर्राष्ट्रिय मञ्चहरुमा व्यक्त गरेका प्रतिबद्धताहरुको कार्यान्वयन गर्नुपर्दछ । त्यसरी अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरेका उत्तरदायित्वहरुबाट सरकारलाई उन्मुक्ति छैन । खासगरी नेपालले संयुक्त राष्ट्र संघीय मानव अधिकार सम्बन्धी महासन्धिहरुको अनुमोदनगरी व्यक्त गरेका अन्तर्राष्ट्रिय उत्तरदायित्व अर्न्तगत नेपाली जनताहरुका राजनीतिक, नागरिक, आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारहरुको प्रत्याभूती गर्नुपर्दछ । राज्यले सो अन्तर्राष्ट्रिय प्रतिबद्धता मार्फत आफ्ना नागरिकहरुको, मानव अधिकारहरुको संरक्षण र सम्बर्न्धन गर्नुपर्दछ । त्यस्तै गरी नेपालले दिगो विकास एजेण्डाको (शहस्राब्दी विकासका लक्ष्यहरु) को घरेलु तहमा प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ । शहस्राब्दी विकास लक्ष्यहरुले अन्तर्राष्ट्रिय मञ्चमा नेपालले व्यक्त गरेका प्रतिबद्धताहरुको प्रतिविम्बित गर्दछ । जुन प्रतिबद्धता अन्तर्गत गरिवी निवारण र जनताका राजनैतिक तथा नागरिक अधिकारहरु समेतको कार्यान्वयन गर्नुहो ।

*(नेपालका लागि दिगो विकासका एजेण्डाको सफलतापूर्वक कार्यान्वयनको आधार भनेको के हो ? र कस्तो स्थितिहरुको सिर्जनाहुँदा दिगो विकासका एजेण्डाको सफलतापूर्वक कार्यान्वियन हुन्छ ? भन्ने सम्बन्धमा अनुसूची ३ हेर्नुहोस् ।)*

**क्षेत्रीय तहमा व्यक्त गरेको उत्तरदायित्वः**

नेपालले दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन सार्कको सामाजिक घोषणा-पत्रमार्फत व्यापक रुपमा क्षेत्रीय तहमा क्षेत्रीय प्रतिबद्धताहरु जाहेर गरेको छ जस अनुसार राज्यपक्षका हैसियतले नेपालले आफ्ना नागरिकहरुको नागरिक तथा राजनैतिक अधिकारको संरक्षण र सम्बर्द्धन गर्नुपर्दछ । त्यसैगरी सो क्षेत्रीय प्रतिबद्धतामा उल्लेख भएका गरिवी निवारण, स्वास्थ्य, शिक्षा, मानवसंसाधन विकास र युवा परिचालन, महिलाहरुको स्तरको प्रवर्द्धन, बालअधिकार तथा हितको प्रवर्द्धन जनसंख्या स्थरीकरण, लागूऔषध छुटाउने, पुर्नर्स्थापन तथा पनःसम्मिलनका क्षेत्रमा प्रभावकारी कदमहरु समेत चाल्नुपर्दछ ।

*(सार्कको सामाजिक बडापत्र मार्फत जारी प्रतिवद्धताहरुको विस्तृत जानकारीकार लागि अनूसूची ४ हेर्नुहोस् ।)*

**राष्ट्रिय प्रतिबद्धता**

नेपाली जनताहरुको सर्वाङ्गिण विकास र मौलिक मानव अधिकारहरुको प्रत्याभूतिका लागि नेपाल अधिराज्यको संविधान २०४७ मार्फत राज्यले व्यापक प्रतिबद्धता जाहेर गरेको छ जस अनुसार नेपालका मुख्य नीतिहरुलाई निम्न अनुसार वर्गिकरण गर्न सकिन्छ ।

***क) विकास सम्बन्धी नीतिहरु :***

***ख) कला एवं संस्कृति सम्बन्धी नीतिहरुः***

***ग) वातावरण सम्बन्धी नीतिहरु***

***घ) निःशुल्क कानूनी सेवा सम्बन्धी नीतिहरु***

***ङ) परराष्ट्र नीतिहरु***

***च) श्रम सम्बन्धी नीतिहरु***

***छ) असहाय तथा पिछडिएको वर्गको उत्थान सम्बन्धी नीतिहरु, आदि हुन् ।***

उल्लेखित नीतिहरुलाई नेपालले लिखित संविधान मार्फत व्यक्त गरेको छ । र, सो संविधानको अक्षरसः भावनालाई पालना गर्नु राज्यको राष्ट्रिय उत्तरदायित्व हो । सो संविधान अर्न्तगत प्रत्याभूत गरिएका नागरिक तथा राजनीतिक अधिकारहरुको संरक्षण र संम्बर्द्धन गर्नु राज्यको प्रथम कर्तव्य हो । र, यसका लागि राज्यले नेपाल अधिराज्यको संविधान २०४७ मा उल्लेख भएको कानूनी शासन, संसदीय सरकार, बहुदलीय शासन व्यवस्था, संवैधानिक राजतन्त्र, मौलिक अधिकारहरुको संरक्षण र न्यायिक स्वाधिनताको मर्म, मान्यता र सिद्धान्तलाई पुरा गर्नुपर्दछ ।

**ग. विश्वव्यापीकरण र जोखिमता**

***डब्लु.टि.ओ. जोखिमता***

नेपालले विश्व व्यापार संगठनको औपचारीक सदस्यता प्राप्त गरिसकेको छ । यसबाट कसले, कसरी, के कति, र किन फाइदा प्राप्त गर्न सक्छ र यस संगठनका अर्न्तनिहित उदेश्य र बर्ग र्स्वाथ तथा मुलुक भित्र कसले फाइदा लिनेछन र कसले यसबाट मार खेप्नुपर्ने छ भन्नेबारे सबैले बुझ्न आवश्यक छ ।

विश्व व्यापार संगठन मुलतः विश्व आर्थिक प्रणाली को व्यापारिक र वाणिज्यको महत्वपुर्ण पक्ष हो । यस भित्र विश्व स्तरमा व्यापार र वाणिज्यको ठूलो महत्व छ । यो पूँजीवादी विश्व आर्थिक प्रणाली नै हो । यसको अर्न्तनिहित उदेश्य विश्वस्तरमा पूंजीवादी आर्थिक प्रणालीको निरन्तर विकास, विस्तार र स्थायित्व गर्ने हो । देखाबटी रुपमा यसले प्रतिस्पर्दात्मक विश्व मुल्य संरचनाको बाहिरी वकालत गरे पनि मुलत यसले पश्चिमी पूंजीवादी देशहरुको बहुराष्ट्रिय र अर्न्तदेशीय कम्पनीहरुको एकाधिकारवादी मुल्य संरचनालाई नै बढवा दिने छ । यसले भुमण्डलीय पूंजीवादको विस्तारलाई बढवा दिन्छ ।

विश्व व्यापार संगठनको नीति अनुसार धनीदेशहरुले तयारी वस्तु निर्यात गर्दछन र कच्चा पर्दाथ आयात गर्दछन् । उता हाम्रो जस्तो देशले  कच्चा पर्दाथको निर्यात गर्दछ र तयारी वस्तु आयात गर्दछ । यसरी व्यापार गर्दा सस्तोमा आफ्नो कच्चा पर्दाथ बेचेर महङ्गोमा तयारी वस्तु किन्दा व्यापार घाटा हुन्छ ।

वस्तु तथा सेवाको उत्पादनमा दुईवटा प्रविधी छन् । पहिलो पुंजी प्रचुर अर्को श्रम प्रचुर प्रविधी छ । तेस्रो विश्वको देशमा पुजीको अभावमा श्रम प्रचुर प्रविधीको प्रयोग हुन्छ । अर्को तर्फ विकसित देशहरुले पुंजी प्रचुर प्रविधीको प्रयोग गर्दछन । उदाहरणको लागि नेपालले चिराइतो सस्तोमा विक्री गर्छ । यसबाट उत्पादन भएको औषधी महङ्गोमा खरिद गर्छ । यसमा असमान विनिमय हुन्छ ।

अर्को पक्ष, विकसित देशले ठुलो परिणाममा कृषि क्षेत्रमा अनुदान दिएका छन । उनीहरुले अत्याधुनिक प्रविधी प्रयोग गरेर उत्पादन गर्दछन । नेपालको कृषि उत्पादनले भारतको उत्पादनसंग प्रतिस्पर्दा गर्न सक्दैन । त्यस माथि युरोप र अमेरिकी उत्पादनसंग प्रतिस्पर्दा गर्न सक्ने कुरै आउदैन । त्यसमाथि भन्सार तथा महसुलको कटौती हुदा ति वस्तु र सेवाको मुल्यसंग नेपाली वस्तु तथा सेवाले प्रतिस्पर्दा कसरी गर्ने छ ? यो सोचनीय बिषय हो । जुन विश्वव्यापीकरणले निम्त्याएको कृषि क्षेत्रको कृषकका लागि ठूलो जोखिमताको सवाल हो ।

यता १९८० को दशकमा संरचनागत समायोजन तथा आर्थिक उदारीकरणको लहर नवअदारवादीले ल्याए । यो अठ्ठारौ शताव्दीका उदारवाद को नयाँ सर्न्दभिकरण हो । भुमण्डलीकरणको नयाँ लहर चलेको छ । यो तेस्रो विश्वमा पश्चिमी बुर्जुवाकरण हो । यसको उदेश्य भनेको विकसित अर्थतन्त्र र विकासिल अर्थतन्त्र विचको आयको असमान विनिमयलाई नियमित गर्ने कानुनी र अन्य दायित्व वोकाउने संयन्त्र हो । यसबाट निरन्तर नाफा कमाउन विकसित अर्थतन्त्र सफल हुन्छ । यसो भएमा पश्चिमी पूंजीवाद निरन्तर जीवित रहन्छ । यसको विचारधारात्मक पक्ष पुंजीवादको निरन्तर विकास र विस्तार हो । नेपालका पनि सिमीत विदेशी दलाल पुंजीपति बर्ग, उच्चपदस्थ नोकरशाही तथा राजनीतिक नेतृत्वले यसबाट निश्चित रुपमा फाइदा उठाउछ । नेपालको राष्ट्रिय पूंजीपति बर्ग भोजपुरमा खुकुरी, पाल्पामा करुवा र तेरथुममा ढाका बुनिरहेको छ । यो बर्गलाई विश्व व्यापार संगठनबाट कुनै लाभ हुनेवाला छैन । आम जनता, साना किसान तथा मजदुर तथा निम्न आय हुने बर्गले झन ठुलो मार खप्नुपर्ने छ । भुमण्डलीकरणले गरिबलाई कहिल्यै माया गर्दैन । त्यसबेला मुलुकमा यसको बिरोधी अभियानकर्ताको नारा हुनेछ “सस्तो टिभी महङ्गो दाल, हेर हेर जनताको बेहाल”

**अनुसूचीः १**
**भाग ३**
**मौलिक हक**
**११. समानताको हकः** १) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित गरिने छैन ।

२) सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन ।

३) राज्यले नागरिकहरुका बीच धर्म, वर्ण, लिङ्ग, जात, जाती वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन ।
तर महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिनेछ ।

४) कुनै पनि व्यक्तिलाई जातिपातीका आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरुको प्रयोग गर्नबाट वञ्चित गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ ।

५) समान कामका लागि महिला र पुरुषका बीच पारिश्रमिकमा भेदभाव गरिने छैन ।

**१२. स्वतन्त्रताको हक :** १) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन र मृत्युदण्डको सजाय हुने गरी कुनै कानून बनाइने छैन ।
२) सबै नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ :-
क) विचार र अभिव्यक्तिको स्वतन्त्रता;
ख) बिनाहातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता;
ग) संघ र संस्था खोल्ने स्वतन्त्रता;
घ) अधिराज्यभरी आवतजावत र बसोबास गर्ने स्वतन्त्रता; र
ङ) कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता ।
तर-

१) खण्ड (क) को कुनै कुराले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरुका बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गालीवेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

२) खण्ड (ख) को कुनै कुराले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

३) खण्ड (ग) को कुनै कुराले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरुका बीचको सुसम्बन्धमा खलल पर्ने वा हिंसात्म कार्य गर्न दुरुत्साहित गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

४) खण्ड (घ) को कुनै कुराले सर्वसाधारण जनताको हित वा विभिन्न जात, जाति वा सम्प्रदायहरुका बीचको सुसम्बन्धमा खलल पर्ने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

५) खण्ड (ङ) को कुनै कुराले सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार, वा सेवा राज्यले मात्र सञ्चालन गर्ने वा कुनै उद्योग, व्यापार, पेशा वा रोजगार गर्नका लागि कुनै शर्त वा योग्यता तोक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

**१३. छापाखना र पत्रपत्रिका सम्बन्धी हक :** १) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामग्री प्रकाशित गर्न पूर्व-प्रतिबन्ध लगाइने छैन ।
तर नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरुका बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गालीबेइज्जती वा अदालतलको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

२) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामग्री मुद्रण गरेबापत छापाखाना बन्द वा जफत गरिने छैन ।

३) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामग्री प्रकाशित गरे बापत कुने समाचार पत्र वा कुनै पत्रिकाको दर्ता खारेज गरिने छैन ।

**१४. फौजदारी न्यायसम्बन्धी हक :** १) तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन ।
२) कुनै पनि व्यक्तिउपर अदालतमा त्यसै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन ।
३) कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन ।
४) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारित गरे बमोजिम क्षतिपूर्ति दिइनेछ ।
५) पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना यथाशक्य चाँडो नदिई थुनामा राखिने छैन र त्यस्तो व्यक्तिलाई आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने हकबाट बञ्चित गरिने छैन ।
**स्पष्टीकरणः-** यस उपधाराको प्रयोजनको लागि "कानून व्यवसायी" भन्नाले कुनै अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्तिलाई जनाउँछ ।
६) पक्राउ गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई पक्राउ भएको ठाउँबाट बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनु पर्छ र कुनै पनि व्यक्तिलाई त्यस्तो अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राखिने छैन ।
७) उपधारा (५) र (६) मा लेखिएका कुराहरु शत्रुराज्यको नागरिकको हकमा र उपधारा (६) मा लेखिएका कुराहरु निवारक नजरबन्द राख्ने व्यवस्था गर्ने कुनै कानून अन्तर्गत पक्राउ भएको । नजरबन्द रहेको व्यक्तिको हकमा लागू हुने छैन ।
**१५. निवारक नजरबन्द विरुद्धको हकः** १) नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन ।
२) निवारक नजरबन्द राख्ने अधिकारीले कानून विपरीत वा बदनियतपूर्वक कसैलाई नजरबन्द राखेमा नजरबन्द रहेको व्यक्तिले कानूनद्वारा तोकिए बमोजिम क्षतिपूर्ति पाउनेछ ।
**१६. सूचनाको हक :** प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ ।
तर यस धारामा लेखिएको कुनै कुराले कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन ।
**१७. सम्पत्तिको हकः** १) सबै नागरिकलाई प्रचलित कानूनको अधीनमारही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचविखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।

२) सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन ।
३) सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकारको सिर्जना गर्दा दिनुपर्ने क्षतिपूर्ति, त्यसको आधार र कार्य प्रणाली कानूनद्वारा निर्धारित गरिए बमोजिम हुनेछ ।
**१८. संस्कृति तथा शिक्षा सम्बन्धी हक:** १) नेपाल अधिराज्यमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने अधिकार हुनेछ ।
२) प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउनेछ ।
**१९. धर्म सम्बन्धी हक :** १) प्रत्येक व्यक्तिलाई प्रचलित परम्पराको मर्यादा राखी सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने स्वतन्त्रता हुनेछ ।
तर कसैले कसैको धर्म परिवर्तन गराउन पाउने छैन ।
२) प्रत्येक धार्मिक सम्प्रदायलाई कानून बमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुनेछ ।
**२०. शोषण विरुद्धको हक:** १) मानिसलाई बेच-विखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको इच्छा विरुद्ध काम गराउन निषेध गरिएको छ । त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ ।
तर सार्वजनिक प्रयोजनका लागि कानूनद्वारा अनिवार्य सेवाको व्यवस्थ ागर्न बाधा पर्ने छैन ।
२) नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाइने छैन ।
**२१. देशनिकाला विरुद्धको हक:** कुनै पनि नागरिकलाई देशनिकाला गरिने छैन ।
**२२. गोपनीयताको हक:** कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ ।
**२३. संवैधानिक उपचारको हक:** यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा ८८ मा लेखिएको तरिका अनुसार कारवाही चलाउन पाउने हक सुरक्षित गरिएको छ ।

अनुसूची:२

**भाग ४**
**राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु**
**२४. निर्देशक सिद्धान्त तथा नीतिहरुको प्रयोग:** (१) यस भागमा लेखिएका सिद्धान्त तथा नीतिहरु कुनै अदालतबाट लागू गरिने छैनन् ।
२) यस भागमा लेखिएका सिद्धान्त तथा नीतिहरु राज्यको क्रियाकलाप र शासन व्यवस्थाको मुख्य मार्ग निर्देशकको रुपमा रहनेछन् र देशको उपलब्ध स्रोत र साधन अनुसार कानून बनाई क्रमश: कार्यान्वयन गरिनेछ ।
**२५. राज्यका निर्देशक सिद्धान्तहरु:** १) जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गरी सामाजिक, आर्थिक एवं राजनैतिक क्षेत्र लगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी खुला समाजमा आधारित लोककल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्नु राज्यको प्रमुख उद्देश्य हुनेछ ।
२) देशको उपलब्ध आर्थिक स्रोत र साधनलाई सीमित व्यक्तिहरुमा केन्द्रित हुन नदिई सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धिको न्यायोचित वितरणको व्यवस्था मिलाई कुनै पनि वर्ग वा व्यक्ति उपर आर्थिक शोषण हुन नपाउने व्यवस्था गरी स्वदेशी निजी एवं सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिइ राष्ट्रिय अर्थतन्त्तलाई स्वतन्त्र एवं आत्मनिर्भर गराउनु राज्यको मूलभूत आर्थिक उद्देश्य हुनेछ ।
३) सबै किसिमका आर्थिक एवं सामाजिक असमानता हटाई विभिन्न जात, जाति, धर्म, भाषा, वर्ण र सम्प्रदायका बीच सामन्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुनेछ ।
४) समाजमा शान्ति र व्यवस्था कायम गरी मानव अधिकारहरुको संरक्षण र सम्बर्द्धन गर्दै सार्वजनिक हितको प्रबर्द्धन गर्ने र विकेन्द्रीकरणको माध्यमद्वारा जनतालाई शासनमा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरुको उपभोग गर्नसक्ने व्यवस्था कायम गर्नु राज्यको मुख्य दायित्व हुनेछ ।

५) देशको सार्वभौमसत्ता, अखण्डता र स्वतन्त्रतालाई कायम राखी अन्तर्राष्ट्रिय जगतमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्ने दिशामा राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुनेछ।

**२६. राज्यका नीतिहरुः** १) देशका विभिन्न भौगोलिक क्षेत्रहरुको सन्तुलित विकासको लागि आर्थिक लगानीको न्यायोचित वितरण गरी सबै क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य, आवास र रोजगारी जस्ता आधारभूत कुराहरुको विकास गरी जनसाधारणको जीवनस्तर बृद्धि गर्ने नीति राज्यले अवलम्बन गर्नेछ।

२) विभिन्न धर्म, जात, जाति, सम्प्रदाय र भाषाभाषीहरुका बीच स्वस्थ एवं सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको विकासद्वारा देशको सांस्कृतिक विविधता कायमै राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्नेछ।

३) राष्ट्रिय हित अनुकूल उपयोगी एवं लाभदायक रुपमा देशको प्राकृतिक स्रोत तथा सम्पदाको परिचालन गर्ने नीति राज्यले अवलम्बन गर्नेछ।

४) जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकास सम्बन्धी क्रियाकलापहरुद्वारा वातावरणमा पर्न जाने प्रतिकूल असरहरु पर्न नदिन एवं वातावरणको संरक्षण गर्न राज्यले प्राथमिकता दिनेछ र दुर्लभ बन्यजन्तु, वन र वनस्पतिको विशेष संरक्षण गर्ने व्यवस्था गर्नेछ।

५) राज्यले कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाहरुको सिर्जना गर्ने र भूमि सुधार कार्यक्रम सञ्चालन गरी कृषिलाई उद्योगको रुपमा विकास गर्नेछ।

६) देशको मुख्य सामाजिक-आर्थिक शक्तिको रुपमा रहेको श्रम शक्तिलाई क्रमशः रोजगार उपलब्ध गराई काम पाउने अधिकार सुनिश्चित गरी उनीहरुको हक र हितको संरक्षण गर्दै उद्यमको व्यवस्थापनमा सहभागिता बढाउने नीति राज्यले अवलम्बन गर्नेछ।

७) महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्नेछ।

८) राज्यले बालबालिकाको शोषण हुन नदिई उनीहरुको हक र हितको रक्ष ागर्न आवश्यक व्यवस्था गर्नेछ र निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमशः गर्दै जानेछ।

९) राज्यले अनाथ बालबालिका, असहाय महिला, बृद्ध, अपांग र अशक्तहरुको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ।

१०) शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी आर्थिक तथा सामाजिक रुपले पिछडिएका जनजाति र समुदायको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ।

११) देशको समुन्नतिका लागि विज्ञान तथा प्रविधिको विकासलाई प्राथमिकता दिने नीति राज्यले अवलम्बन गर्नुका साथै स्थानीय प्रविधिको विकास तर्फ पनि ध्यान दिनेछ।

१२) राष्ट्रिय विकासको लागि स्वदेशी लगानीको प्रवर्द्धन गर्दै देशमा वैदेशिक पूँजी र प्रविधिलाई आकर्षित गर्नै नीति राज्यले अवलम्बन गर्नेछ।

१३) बहुसंख्यक ग्रामिण जनताको हितलाई ध्यानमा राखी ग्रामीण विकासको गतिलाई तीव्रतर बनाउँदै लैजाने नीति राज्यले अवलम्बन गर्नेछ।

१४) कानूनी राज्यको सिद्धान्त अनुरुप सबैलाई समान रुपमा न्याय उपलब्ध गराउन असमर्थ पक्षको प्रतिनिधित्वका लागि निःशुल्क कानूनी सेवा उपलब्ध गराउने नीति राज्यले अवलम्बन गर्नेछ।

१५) संयुक्त राष्ट्र संघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताको आधारमा नेपालको परराष्ट्र नीति सञ्चालित हुनेछ।

१६) छिमेकी मित्रराष्ट्रहरु र संसारका अरु सबै मुलुकहरुसित आर्थिक, सामाजिक एवं अन्य क्षेत्रमा समानताको आधारमा सहयोगात्मक सुसम्बन्ध कायम गरी नेपालमा शान्तिलाई अन्तर्राष्ट्रिय मान्यताको आधारमा संस्थागत गर्दै जाने नीति राज्यले अवलम्बन गर्नेछ।

अनुसूचीः ३

- प्रत्येक नागरिक आत्मसम्मानका साथ स्वतन्त्रतापूर्वक सुरक्षित जीवन जिउन सक्षम हुनेछ।

- प्रत्येक नागरिक तथा घरधुरीको आय उपयुक्त स्वस्थ जीवन धान्नका लागि मात्र पर्याप्त नभई बचत जम्मा गर्न, ज्ञान हासिल गर्न तथा फुर्सतका बखत मनोरञ्जनात्मक क्रियाकलाप गर्न पनि यथेष्ट हुनेछ ।
- प्रत्येक बालिका तथा बालकको विद्यालय जान पाउनेछन् र प्रत्येक प्रौढ व्यक्ति साक्षर हुनेछ ।
- प्रत्येक किशोर तथा किशोरीले चाहेको अवस्थामा व्यवसायिक प्रशिक्षण हासिल गर्ने अवसर पाउनेछन् ।
- वित्तीय अवस्था तथा सामाजिक स्तर जस्तोसुकै भए पनि प्रत्येक नागरिक योग्यताका आधारमा उच्च शिक्षा हासिल गर्न सक्षम हुनेछ ।
- राष्ट्रका कुनै पनि गाउँ-घर आधारभूत स्वास्थ्यसुविधाचबाट केही घण्टाभन्दा बढीको दूरीमा हुने छैन ।
- प्रत्येक नागरिकलाई पर्याप्त मात्रामा खानेपानी, पोषणयुक्त खाना तथा स्वच्छ हावा उपलब्ध हुनेछ ।
- जल,सौर्य शक्ति र वायुका साथै धान्न सकिने रुपमा कटान गरिएको तथा प्रदूषण-रहित रुपमा बालिएको जैविक इन्धन जस्ता आन्तरिक पुनर्नवीकरणीय स्रोतबाट राष्ट्रका अधिकांश ऊर्जा उत्पादन गरिनेछ । यातायात क्षेत्रमा पनुर्नवीकरणीय आन्तरिक ऊर्जास्रोतको प्रयोग बढ्दो मात्रामा गरिएको हुने छ र यसरी खनिज इन्धनमाथिको निर्भरताबाट राष्ट्रलाई मुक्त गर्ने प्रयास जारी रहनेछ ।
- नेपालको जलविद्युत्को विकास आन्तरिक खपतका लागि मात्र नभई निर्यात आयको नियमित स्रोतका रुपमा पनि गरिनेछ ।
- खेत तथा पाखो जमिनको परिपूरक उपयोग गरी भूमिस्रोतको आधार र पर्यावरणीय प्रणालीमा सुधार आउने किसिमबाट राष्ट्रिय तथा स्थानीय स्तरमा भू-उपयोगको योजना बनाई त्यसको कार्यान्वयन र व्यवस्थापन गरिएको हुनेछ । यसले गर्दा पहाड र तराईका बीच परिपूरकता स्थापित भइ वनजन्य जैविक परिमाण बढेको हुनेछ, शहरी क्षेत्रको अव्यवस्थित विस्तारका नियन्त्रणबाट कृषिक्षेत्र तथा वनक्षेत्र संरक्षित हुनेछ, वासस्थानको खण्डीकरण तथा वनक्षेत्रको विनाशबाट हुने खतरालाई पहिचान गर्दै भूपरिधि(भू-आकृति) का स्तरमा जैविक विविधता संरक्षित हुनेछ ।
- संरक्षित क्षेत्रको (राष्ट्रिय निकुञ्ज तथा संरक्षणक्षेत्रसहित) व्यवस्थापन कायम गरिएको हुनेछ र मानव चापका कारणले लोप हुने खतराबाट राष्ट्रको अपार जैविक विविधताको सुरक्षा हुने गरी विकासकार्यको सञ्चालन गरिएको हुनेछ । संरक्षित क्षेत्रको नजिकका स्थानीय जनसमुदाय उक्त क्षेत्रको व्यवस्थापनको अवसर तथा आर्थिक लाभ दुबै प्राप्त गर्ने गरी त्यसमा संलग्न भएको हुनेछ ।
- प्रत्येक नागरिकले आफ्ना आधारभूत आवश्यकताहरुको पूर्ति गर्नका लागि पर्याप्त मात्रामा वनजन्य पैदावार पाएका हुनेछन् र त्यसबाट प्रकृतिको सौन्दर्यानुभूति र आध्यात्मिक अनुभू तगर्ने अवसर पनि उनीहरुलाई प्राप्त हुनेछन् ।
- आन्तरिक उपभोग तथा निर्यातका लागि उच्च मूल्यका कृषि-उत्पादनहरु र गैरकाष्ठ वनजन्य पैदावारको दिगो उत्पादन तयार गर्नमा पहाडी तथा पर्वतीय सुक्ष्म हावापानीको उपयोग गरिएको हुनेछ ।
- जैविक विविधताका संरक्षणद्वारा नेपालले आफ्ना जैविक स्रोतहरुबाट पर्याप्त लाभ लिनसक्छ भन्ने कुरा वैज्ञानिक अनुसन्धान तथा स्वदेशी उद्योगहरुले सुनिश्चित गरेका हुनेछन् ।
- मौसमपरिवर्तन जस्ता विभिन्न विश्वव्यापी तथा क्षेत्रीय वातावरणीय खतराहरुबारे सूचना सम्प्रेषित गर्न र त्यस्तो सूचनाको विश्लेषण गरी ती खतराबाट नकारात्मक परिणाम रोक्नका निम्ति पर्याप्त मात्रामा तयारी गर्न सघाउ पुऱ्याउनसमेत स्वदेशी वैज्ञानिक विज्ञता विकास गरिएको हुनेछ ।
- प्रत्येक गाउँ विकास समितिलाई मुलुकको अन्य भागसँग कम्तीमा एउटा उपयुक्त यातायात तथा सञ्चार माध्यमबाट जोडिएको हुनेछ ।

- दैनिक उपभोग्य प्रयोजनका उत्पादनको मागलाई कम लागतमा पूर्ति गर्ने र निर्यातका लागि उच्च मूल्य र कम वजनका उत्पादनहरु त्यार गर्ने गरी धान्न सकिने स्वदेशी उद्योगहरुको विकास गरिएको हुनेछ ।
- नेपाल अन्तर्राष्ट्रिय रुपमा राम्ररी एकीकृत हुनेछ र वैदेशिक लगानीका लागि आकर्षक स्थलका रुपमा विकसित भएको हुनेछ । साथै अधिकतम पर्यटकीय राजस्व-सङ्कलनका लागि नेपालका प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षणसमेत गरी यसलाई पर्यटकहरुका निम्ति आकर्षक थलो तुल्याइएको हुनेछ ।
- विभिन्न सांस्कृतिक, जातीय तथा धार्मिक पृष्ठभूमिका प्रत्येक नागरिकलाई राज्यका प्रत्येक अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका तथा सम्पूर्ण उप-निकायहरुबाट सबै किसिमका राज्यसेवाहरु छिटो-छरितो रुपमा उपलब्ध गराइएका हुनेछन् । राज्यका व्यवस्थाहरुमा उपयुक्त किसिमबाट सम्पूर्ण जातीय तथा सामाजिक समूहका महिला तथा पुरुषहरुलाई प्रतिनिधित्व गराइएको हुनेछ ।
- वैदेशिक सहायतालाई निश्चित क्षेत्रहरुमा मात्र सीमित गर्दै मुलुक आत्मनिर्भर हुन सक्ने क्षेत्रबाट शुरु गरी विदेशी सहायतालाई विस्तारै घटाउँदै लगिएको हुनेछ ।

अनुसूची: ४

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन सामाजिक वडापत्र

नेपाली रुपान्तरण

सामाजिक बडापत्र

दक्षिण एसियाका जनताहरुको हित प्रवर्द्धन गर्नु, तिनीहरुको जीवनस्तर सुधार गर्नु, आर्थिक बृद्धि, सामाजिक उन्नति र सांस्कृतिक विकासलाई बढावा दिनु र सवै व्यक्तिहरुलाई सम्मानपूर्वक बाँच्ने तथा उनीहरुको पूर्ण संभावनालाई प्रयोगमा ल्याउने अवसर उपलब्ध गराउने, सार्कको मुख्य लक्ष्यलाई पुन स्वीकार्दै ।

दक्षिण एसियाली देशहरु वर्षौ पुरानो सांस्कृतिक, सामाजिक तथा ऐतिहासिक परम्पराहरुले जोडिइ आएका जसले जनता तथा राज्यहरुका माझमा विचार, मूल्य, संस्कृति र दर्शनहरुको अन्तरकृयालाई सवल बनाएको तथा यी समानताहरुले जनताका आर्थिक सामाजिक आवश्यक्ताहरुलाई अझ प्रभावकारी रुपले सम्बोधन गर्न क्षेत्रिय सहयोगका निम्ति ठोस आधार निर्माण गर्दछ भन्ने तथ्यलाई मान्यता दिंदै ।

सम्पूर्ण सदस्य राष्ट्रहरु सामाजिक विकास तथा आर्थिक वृद्धिको अपरिहार्यतालाई उच्च महत्व दिन्छन् र तिनीहरुको राष्ट्रिय विधायिका, कार्यपालिका र प्रशासनिक संरचनाहरुले सामाजिक तथा आर्थिक लक्ष्य हासिल गर्न विविध तहमा र समन्वयात्मक सिद्धान्तहरु, सकारात्मक कार्य तथा सार्वजनिक स्वार्थका लागि उपयुक्त ढंगले विशिष्ट प्रावधानहरु उपलब्ध गराउने छन् भन्ने स्मरण गर्दै ।

सामाजिक क्षेत्रमा क्षेत्रीय सहयोगले सदस्य राष्ट्रहरुको ध्यान केन्द्रिकृत गर्न सकेको साथै स्वास्थ्य, पोषण, खाद्य सुरक्षा, सुरक्षित पिउने पानी र सरसफाई, जनसंख्या कृयाकलापहरु र लैङ्गिक समानताका साथै बाल विकास र अधिकार, विकासमा महिला सहभागीता, बृद्धहरुको कल्याण, युवा परिचालन तथा मानव संशाधन विकास जस्ता विशेष क्षेत्रहरु क्षेत्रीय सहयोगको कार्यसुचीमा निरन्तर रुपमा रहन्छन् भन्ने कुरा मनन गर्दै ।

सार्कको प्रारम्भ देखि नै बालक, महिला, मानव पुनर्वास, दीगो विकास, कृषि तथा खाद्य, गरिवी निवारण आदि विषयहरुमा उच्च स्तरीय वैठक सम्पन्न भएको र यस क्षेत्रमा यसले सामाजिक कार्यसुचीको सम्बृद्धिमा उच्च योगदान पुऱ्याएको तथा सार्क राष्ट्रहरुका राज्य वा सरकार प्रमुखहरुले तिनीहरुका शिखर सम्मेलनमा प्रदान गरेका अनेकौं निर्देशनहरुले क्षेत्रीय कार्यक्रमहरुलाई पूर्ण र प्रभावकारी रुपले आत्मसाथ गर्दै अवलम्बन गर्न गतिशिलता र अपरिहार्यता प्रदान गरेको उल्लेख गर्दै ।

सार्क बडापत्र र लागु औषध तथा मनोदिपक वस्तुहरु, देह व्यापारका लागि महिला र बाल-बालिका बेचविखनमा निषेध र रोकथाम, दक्षिण एसियामा बाल कल्याण प्रवर्द्धनका लागि क्षेत्रीय व्यवस्था तथा खाद्य सुरक्षा भण्डार सम्बन्धी सार्क सम्झौता जस्ता सार्क अनुवन्धनहरुले खास सामाजिक विषयहरुलाई सम्बोधन गर्न तिनीहरुको उदेश्यहरु प्रभावकारी रुपले हासिल गर्न क्षेत्रीय संरचनाहरु, जसले एकिकृत र समन्वीत कार्यहरु र रणनीतिहरुको आवश्यक ठान्दछ, प्रदान गर्दछ भन्ने स्वीकार्दै ।

यस क्षेत्रका देशहरुका जनताको स्वास्थ्य घनिष्ठ रुपले अन्तरसम्बन्धीत रहेको तथा यसलाई समन्वीत रेखदेखको संयन्त्रहरु तथा रोकथाम र व्यवस्थापनका रणनीतिहरु अपनाएर मात्र दिगो बनाउन सकिन्छ भन्ने महसुस गरेर ।

विशेषतः सार्क राष्ट्रका राष्ट्र वा सरकार प्रमुखहरुले जुलाई १९९८ मा कोलम्बोमा सम्पन्न दशौं शिखर सम्मेलनमा राष्ट्रिय कार्ययोजना भन्दा अघि बढेर समाजिक क्षेत्रमा सहयोगको एक क्षेत्रीय आयाम विकास गर्न आवश्यक भएको स्वीकारेको र जनवरी २००२ को काठमाडौंमा सम्पन्न एघारौं सार्क शिखर सम्मेलनले छिटो भन्दा छिटो एक सार्क वडापत्रको निर्क्यौल गर्न निर्देशित गरेको उल्लेख गर्दै ।

सामाजिक क्षेत्रमा सार्क सदस्य राष्ट्रहरुको विविध किसिमका वचनवद्धताहरु संहितावद्ध गर्न तथा यसको प्राथमिकता निर्धारण गर्न, संरचनाका साथै सामाजिक नीतिहरुको विषय सूची र कार्यक्रमहरु सुधार्न, राष्ट्रिय, क्षेत्रीय र बाह्य स्रोतहरुको उपयोगमा उच्चतम दक्षता सुनिश्चित गर्न र सामाजिक कार्यक्रमहरुमा समता तथा दिगोपन र त्यसका भोग कर्ताहरुको जीवन स्तरको गुणस्तरमा जोड दिनका लागि एकिकृत, सुसंगत र सम्पुरक कार्य गर्न एक व्यवहारिक मन्च उपलब्ध गराउने क्षेत्रीय संयन्त्रको विकास गर्न उचित समय भएको भन्ने विश्वासमा परी ।

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनका सदस्य राष्ट्रहरुले यो वडापत्रलाई ग्रहण गर्न यस प्रकार सहमत भएका छन् :

**धारा १**

**सामान्य प्रावधानहरू**

१. पक्ष राष्ट्रहरु आफ्ना जनताहरुको सर्वाङ्गीण र सन्तुलित सामाजिक विकास सुनिश्चित गर्न एक सामाजिक नीति तथा रणनीतिलाई कायम राख्नेछन् । प्रत्येक पक्ष राष्ट्रको वृहत्तर राष्ट्रिय विकासका लक्ष्यहरु निश्चित ऐतिहासिक तथा राजनैतिक परिप्रेक्षहरु विचारगरी वैयक्तिक सामाजिक नीति र कार्यक्रमका आधारभूत विशेषताहरुको निर्धारण गरिने छ ;

२. यी राष्ट्रहरु यस सामाजिक वडापत्र अन्तरगतका दायित्वहरुको विना पूर्वाग्रह सम्मान, संरक्षण र पुरा गर्न तथा क्षेत्रीय व्यवस्था र संयन्त्र अनुसार राष्ट्रिय स्तरमा यसको कार्यान्वयनको निरन्तर रुपले पुनरावलोकन गर्न सहमत छन् ;

३. पक्ष राष्ट्रहरुले सामाजिक विकासका लागि उनीहरुको कार्यमा सहयोग गर्न र भविश्यमा सहयोगको संस्कृति तथा साझेदारीको निर्माण गर्न तथा मानव दुःख, विपत्तिद्वारा अत्यन्त प्रभावितहरुको तत्काल आवश्यक्ताहरुलाई पुरा गर्न जन केन्द्रित संरचनाको स्थापना गर्नेछन् ;

**धारा २**

**सिद्धान्त, लक्ष्य तथा उदेश्यहरु**

१. यस अन्तर्गतका व्यवस्थाले साझा सामाजिक मुद्धाहरुलाई संम्बोधन गर्दै निर्दिष्ट सामाजिक क्षेत्रहरुमा परिणाममुखी कार्यक्रमहरुको विकास र प्रयोग गरेर वृहत सीमा र सिद्धान्तहरु उपलब्ध गराउँदै नीति निर्माण, नीति कार्यान्वयन र नीति मूल्यांकनको राष्ट्रिय प्रकृयामा पुरकको कार्य गर्नेछन् ;

२. यस वडापत्रमा गरिएको प्रतिवद्धता अनुसार पक्षराष्ट्रहरु निम्नानुसार सहमत छन् :-

क) जनतालाई विकासको केन्द्रमा राख्न र मानिसका आवश्यकतालाई अझ प्रभावकारी रुपले पुरा गर्नका लागि तिनीहरुको अर्थतन्त्रलाई निर्देशन गर्न ;

ख) पुस्ताहरुका वीच समन्वय सुनिश्चितता तथा एकता बचाउँदै वातावरणको दीगो प्रयोग गरी वर्तमान र भावी पिढी तर्फको उत्तरदायित्व पुरा गर्न ;

ग) सामाजिक विकास एक राष्ट्रिय दायित्व भएकोले यसको सफलतम प्राप्तिका लागि संयुक्त प्रतिवद्धता र अन्तर्राष्ट्रिय समुदायको सहयोग आवश्यक हुन्छ भन्ने मान्यता दिन ;

घ) आर्थिक सांस्कृतिक तथा सामाजिक नीतिहरु पारस्परिक रुपमा सहयोगात्मक हुनेगरी एकिकृत गर्न, सार्वजनिक र नीजि क्षेत्रका कृयाकलापको अर्न्तसम्बन्धलाई स्वीकार गर्न ;

ङ) दीगो सामाजिक विकासको उपलब्धीका लागि बलियो, समतामुलक र फराकिलो आधार भएको आर्थिक नीतिहरु आवश्यक हुन्छ भन्ने मान्यता दिन ;

च) राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा सहभागीता मूलक शासन, मानव प्रतिष्ठा, सामाजिक न्याय तथा ऐक्यवद्धता प्रवर्द्धन गर्न ;

छ) समाजहरु वीच र समाज भित्रको विविधतामा सहनशीलता, अहिंसा, बहुलवाद र भेदभाव रहित वातावरण सुनिश्चित गर्न ;

ज) आयको समानुपातिक वितरण तथा सवैका लागि समता र समानताका साथ स्रोतहरुमा अझबढी पहुँचको प्रवर्द्धन गर्न ;

झ) समाजिक विकासमा परिवारले प्रमुख भूमिका खेल्नेहुँदा समाजको आधारभूत इकाइको रुपमा परिवारलाई मान्यता दिन तथा वाल, युवा, वृद्धहरु समेतका सदस्यहरुको अधिकार, क्षमता र दायित्वहरुलाई ध्यानमा राख्दै यसै अनुरुप मजबुत बनाइनु पर्छ भन्ने स्वीकार गर्न ;

ञ) बालबालिका प्रति राज्य, समाज, र समुदाय परिवारको दायित्व रहने भएकोले परिवार, समुदाय, समाज र राष्ट्रलाई सुदृढ बनाउने तथा संरक्षण गर्ने तर्फ निर्देशित हुने शिक्षा दिने सन्दर्भमा आन्तरिक तथा बाह्य कर्तव्यको सचेत भावना र मूल्यहरु तथा यी दायित्वहरु प्रतिविम्बित हुनुपर्छ भन्ने सुनिश्चित गर्न ;

ट) पिछडिएका, किनारा लगाइएका र जोखिमपूर्ण व्यक्ति तथा समुहहरुलाई सामाजिक विकासमा संलग्न गराइनु पर्छ तथा समाजले अशक्तहरुको अवस्थालाई स्वीकार्ने तथा कानुनी अधिकारलाई सुरक्षित गरेर र शारीरिक तथा सामाजिक वातावरणमा पहुँच पुग्ने व्यवस्था गर्दै त्यसमा विचार पुऱ्याउने कार्य सुनिश्चित गर्न ;

ठ) सबैका लागि मानव अधिकार तथा मूलभूत स्वतन्त्रताहरु खास गरी विकासको अधिकार प्रति सर्वव्यापी सम्मान र पालना तथा संरक्षणको प्रवर्द्धन गर्न; अधिकारको प्रभावकारी अभ्यासको प्रवर्द्धन र समाजको सबै तहमा सन्तुलित तरिकाले उत्तरदायित्वहरु पुरा गर्न; लैङ्गिक समता प्रवर्द्धन गर्न; बालबालिका तथा युवाका हित र स्वार्थ प्रवर्द्धन गर्न; सामाजिक एकिकरणको प्रवर्धन गर्न र नागरिक समाजलाई बलियो बनाउन ;

ड) क्षेत्रीय उदेश्यको रुपमा स्वास्थ्यको प्रवर्द्धनलाई मान्यता दिन र यस क्षेत्रमा देखिने कुनै पनि आकस्मिक स्वास्थ्य सम्बन्धि मुद्दा र सरुवा रोगको प्रकोपलाई नियन्त्रण गर्न एक अर्कामा जानकारी उपलब्ध गराउँदै, स्वास्थ्य सम्बन्धी पेशामा लागेकाहरुलाई जनस्वास्थ्य र उपचारात्मक सीप दक्षता प्रदान गरी; तथा अन्तर्राष्ट्रिय मञ्चहरुमा स्वास्थ्यसँग सम्बन्धीत मुद्धाहरुमा समन्वयात्मक धारणा अपनाउने तर्फ जोड दिने प्रयत्न गर्न;

ढ) समाजको प्रत्येक सदस्यले आधारभूत मानवीय आवश्यकता पुरा गर्न र उसको वैयक्तिक प्रतिष्ठा, सुरक्षा साथै सिर्जनशिलता महसुस गर्न सक्षम तुल्याउन जनता र समुदायहरुको प्रगतिलाई साथ दिन तथा सुरक्षा गर्न;

ण) विविध संस्कृति, आस्था र परम्परा भएका मानिसहरुको आर्थिक र सामाजिक विकासलाई उनीहरुकै पहिचान, परम्परा, सामाजिक संगठनका रुप र सांस्कृतिक मूल्यहरु पूर्ण सम्मान गर्दै मान्यता दिन र समर्थन गर्न;

त) सार्वजनिक तथा निजी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुमा पारदर्शी तथा जवाफदेही आचरणयुक्त प्रशासनको महत्वलाई ध्यान दिन ;

थ) जनताको सशक्तिकरण खासगरी महिलालाई आफ्नै क्षमता बढाउन विकास र यसका प्रमुख श्रोतहरुको महत्वपूर्ण उदेश्यहुने कुरालाई मनन गर्न ; सशक्तिकरणका निम्ति निर्णय गर्न, कार्यान्वयन र मूल्यांकनमा जनताको पूर्ण सहभागीता तथा परिणामको समतामूलक आदानप्रदान आवश्यक पर्दछ ;

द) अन्तर्राष्ट्रिय सहयोग र साझेदारीका लागि नविकृत आह्वानसँगै सामाजिक विकासको विश्वव्यापकता स्वीकार्न र यसनिम्ति एक प्रभावकारी धारणा तयार गर्न ;

ध) वृद्ध मानिसहरु सम्पूर्ण अधिकारहरु उपभोग गर्दा कुनै भेदभाव विना अर्थपूर्ण र सन्तुष्ट जीवन बिताउने सुनिश्चित गर्न तथा उनीहरुको आफ्ना ज्ञान अनुभव र सीपहरुको उपयोगलाई निरन्तरता दिने वातावरणको सिर्जनाका लागि सहज पार्न ;

न) सामाजिक विकासका लक्ष्यहरु पुरा गर्न सूचना संचार प्रविधिले सहयोग गर्न सक्ने कुरा मान्यता दिन र यस किसिमको प्रविधिमा सहज पहुँच पुर्‍याउनु पर्ने आवश्यक्तालाई जोड दिन ;

प) महिला सहभागितालाई राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक जीवनको सम्पूर्ण क्षेत्रमा समान साझेदारको रुपमा सुधार गर्ने, विस्तृत वनाउने र सुनिश्चित पार्ने तथा उनीहरुको मौलिक स्वतन्त्रता र अन्य अधिकारहरुको पूर्ण उपभोगका लागि आवश्यक पर्ने सम्पूर्ण स्रोतहरुमा तिनीहरुको पहुँच पुर्‍याउन सुगमता ल्याउन नीति तथा कार्यक्रमहरुलाई सवल तुल्याउन ;

**धारा ३**

**गरीवी निवारण**

१. पक्ष राष्ट्रहरु सबै दक्षिण एसियाका राष्ट्रहरुमा गरिवी निवारणलाई उच्च प्राथमिकता दिन दृढता व्यक्त गर्दछन् । दक्षिण एसियाका गरिवहरुको आधारभूत आवश्यकता पुरा भएमा तथा आर्थिक बृद्धिका लागि उनीहरुलाई परिचालन गरिएमा एक ठूलो र संभाव्य स्रोतको रुपमा रहन सक्नेछन् भन्ने मान्यता दिँदै पक्ष राष्ट्रहरु ती गरिवलाई सशक्तिकरण गरिनुपर्छ तथा विकासको मूलधारमा कहिल्यै अन्यथा नहुने गरी समेट्नु पर्दछ भनी पुनः दृढता व्यक्त गर्दछन् । ती गरिवका लागि आय आर्जन गर्ने खालका कृयाकलाप सृजना गर्न उपयुक्त उपाय अवलम्बन गर्न पनि उनीहरु सहमत भएका छन् ;

२. वहुसंख्यक जनता गरिवीको रेखामुनि रहेको कुरा मनन गर्दै पक्ष राष्ट्रहरु दक्षिण एसियाका गरिवहरुको आधारभूत आवश्यकता पुरा गर्नेतर्फ एक निश्चित पोषण मापदण्डको धारणा लागु गर्ने प्रतिवद्धता प्रति पुन दृढता व्यक्त गर्दछन् ;

३. विकासशील राष्ट्हरुको दीर्घकालिन खाद्य सुरक्षा साथै औषधीजन्य उदेश्यका लागि जैविक प्रविधिको विशेष महत्वलाई मनन गर्दै पक्ष राष्ट्रहरु जैविक संरक्षण तथा जीवरस ९न्भचकउबिकृ० वैंकहरुको रेखदेख सम्बन्धी ज्ञानको आदानप्रदान गर्न, सहयोग गरिनु पर्छ भन्नेमा विश्वस्त छन् । उनीहरु यस क्षेत्रमा तालिम सुविधाले खेल्ने भूमिकाको महत्वलाई जोड दिन्छन् र सार्कका विभिन्न राष्ट्रहरुमा वंशानुगत ९न्भलभतष्अ० स्रोतहरुको सुचिकरणको सहयोगले पारस्परिक हितहुने कुरामा सहमत भएका छन् ;

४. पर्याप्त गाँस, वास, कपासका साथ उपयुक्त जीविकाको स्तरलाई सुनिश्चित गर्नका अतिरिक्त आधारभूत शिक्षामा पहुँच, पर्याप्त आवास, सुरक्षित पिउने पानी तथा सरसफाई र प्राथमिक स्वास्थ्य स्याहारको लागि विधायिकी, कार्यपालिकी र प्रशासनीक प्रावधानहरुमा प्रत्याभूत गरिनुपर्छ भन्नेमा सहमत छन् ;

५. पक्ष राष्ट्रहरु घरवार विहिनहरुको समस्यालाई संवोधन गर्ने अंगको रुपमा दक्षीण एसियाका जनतालाई अझ राम्रो वासस्थान उपलब्ध गराउने अनिवार्यता इंगित गर्दछन् । प्रत्येक राष्ट्हरु यस समस्याको प्रभावकारी निवारणका लागि आवास उपलब्ध गराउने प्रयत्नहरुमा प्राप्त गरेका अनुभवहरु बाँड्न, ज्ञान आदान प्रदान गर्न सहमत छन् ;

**धारा ४**

**स्वास्थ्य**

१. पक्ष राष्ट्रहरु यस क्षेत्रका जनताको स्वास्थ्यलाई संरक्षण र प्रवर्द्धन गर्न प्रयत्न गर्ने दृढता पुन प्रकट गर्दछन् । कुनै पनि देशभित्र राम्रो स्वास्थ्यावस्था प्राप्त गर्न, यस क्षेत्रका प्राथमिक स्वास्थ्य सम्बन्धी मुद्धाहरु र सरुवा रोगहरुको समस्यालाई संवोधन नगरी संभव छैन भन्ने मान्यता राख्दै उनीहरुको जनता माझ कुनै पनि सरुवा रोगको उद्भव सम्बन्धी जानकारी आदान प्रदान गर्न सहमत छन् ;

२. सार्क राष्ट्रहरु भित्र रोगको रोकथाम, व्यवस्थापन र उपचार सम्बन्धी महत्वपूर्ण ज्ञानको विकास भइसकेकोप्रति सचेत हुँदै पक्ष राष्ट्रहरु यस क्षेत्रका अन्य राष्ट्रहरुसँग ज्ञान र सीपको आदान प्रदान गर्ने तत्परता देखाउँदछन् ;

३. विभिन्न देशहरुमा औषधी तथा अन्य रसायनिक पदार्थहरुको निर्माण क्षमता रहेको छ भन्ने मनन गर्दै पक्ष राष्ट्रहरु त्यस्ता क्षमता तथा उत्पादनहरु कुनै अर्को पक्ष राष्ट्रले चाहेका वखत आदान प्रदान गर्न सहमत छन् ;

४. स्वास्थ्य सम्बन्धी विषयहरु अन्तर्राष्ट्रिय सम्झौता तथा अनुवन्धहरुद्वारा प्रभावित जीविकोपार्जन तथा व्यापारीक विषयसँग सम्बन्धीत हुन्छन् भन्ने महशुस गरेर पक्ष राष्ट्रहरु त्यस्ता विषयहरुमा पूर्व छलफल आयोजना गर्न उनीहरुका जनताको स्वास्थ्यसँग सम्बन्ध राख्ने विषयहरुमा समन्वयात्मक धारणामा आइपुग्ने प्रयत्न गर्न सहमत छन् ;

५. पक्ष राष्ट्रहरु औषधी तथा औषधीजन्य उत्पादनमा क्षेत्रीय मापदण्ड अवलम्बन गर्ने तर्फ प्रयत्न गर्न सहमत छन् ;

**धारा ५**

**शिक्षा, मानव संसाधन विकास र युवा परिचालन**

१. गरिवी विरुद्ध संघर्षमा र विकास प्रवर्द्धनमा शिक्षा करौंतिलो धार भएको कुरामा गहन रुपले सजग भई पक्ष राष्ट्रहरु ६ वर्ष देखि १४ वर्ष सम्मका सम्पूर्ण बालबालिकालाई निःशुल्क शिक्षा उपलब्ध गराउने लक्ष्य प्राप्तिको महत्वप्रति पुन दृढता प्रकट गर्दछन् । यी लक्ष्य हासिल गर्न आ-आफ्ना अनुभवहरु र प्राविधिक सीप आदान प्रदान गर्न उनिहरु सहमत छन् ;

२. व्यापक आधार भएको वृद्धिले युवा लगायत सम्पूर्ण समूहहरुलाई उत्पादनशील रोजगारीका अवसरहरु सृजना गर्नुपर्छ भन्नेमा पक्ष राष्ट्रहरु सहमत छन् ;

३. शिक्षा तथा व्यवसायीक तालिममा बढ्दो लगानी मार्फत युवाहरुलाई उन्नतिशील रोजगारीका अवशरहरु प्रदान गर्न पक्ष राष्ट्रहरु सहमत छन् ;

४. युवाहरुलाई आर्थिक तथा सामाजिक रुपले उत्पादनशिल बनाउन पर्याप्त रोजागारीका अवशरहरु र खाली समयका क्रियाकलापहरु उपलब्ध गराउन पक्ष राष्ट्रहरु सहमत छन् ;

५. पक्ष राष्ट्रहरु युवाहरुलाई शिक्षामा पहुँच पुऱ्याउँन, परिवार नियोजन एचआइभी/एड्स तथा अन्य यौन क्रियाबाट सर्ने रोगहरु साथै सुर्ती, मादक पदार्थ तथा लागु औषधको सेवनबाट हुने खतरा प्रति चेतना जगाउन उपाय र साधनहरु पत्ता लगाउने छन् ;

६. क्षेत्रीय सहयोगात्मक कार्यक्रमहरुका लागि युवाहरुलाई एकोहोऱ्याउनुपर्छ भन्ने आदर्शबादमा पक्ष राष्ट्रहरु जोड दिन्छन् । विकास कार्यक्रमहरुमा सहभागीता तथा एक अर्का देशको अधिक समझदारी र कदरका माध्यमबाट प्रत्येक देशका युवाहरुमा दक्षिण एसियाली सोच पुनर्जागरणको अनिवार्यतालाई अझ जोड दिन्छन् । सामाजिक क्षेत्रमा एक देशका स्वयंसेवकहरु अन्य देशहरुमा काम गर्न सक्ने संगठित स्वयम्सेवक कार्यक्रमलाई पुनर्जीवन प्रदान गरिनेछ ;

७. अधिक अन्तरकृयाबाट सार्क देशहरुमा विद्यार्थी, बुद्धिजीवि तथा प्राज्ञहरुवीच विचारहरुको व्यापक अन्तर समागम प्रवर्द्धन गर्न आवश्यक भएको पक्ष राष्ट्रहरु मान्यता दिन्छन् । उनिहरु सदस्य राष्ट्रहरुमा बुद्धिजीविहरुको आदान प्रदान गरिने एकिकृत कार्यक्रमलाई मजवुत पारिनु पर्दछ भन्ने दृढता व्यक्त गर्दछन् ;

**धारा ६**

**महिलाहरुको स्तर प्रवर्द्धन**

१. महिला विरुद्धको भेदभाव मानव अधिकार, प्रतिष्ठा तथा परिवार र समाजको हित विपरित भएको ; यसले महिलाहरुलाई उनीहरुको सामाजिक तथा आर्थिक संभाव्यता महसुस गर्न र राष्ट्रको राजनीतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक जीवनमा उनीहरुको पुरुष सरह सहभागी हुनबाट वन्चित गर्नुका साथै व्यक्तित्वको पूर्ण विकासमा र आफ्ना राष्ट्रहरुको सामाजिक तथा आर्थिक विकासमा उनीहरुको योगदानमा एक गम्भिर बाधक हो भन्ने विश्वासलाई पक्ष राष्ट्रहरु पुन दृढता व्यक्त गर्दछन् ;

२. महिला विरुद्ध भेदभावमा आधारित पूर्वाग्रहको उन्मूलन तथा प्रथाजनित तथा अन्य सबै प्रचलनहरुको समाप्ती तर्फ जनमत सिर्जना र राष्ट्रिय भावनाहरुलाई निर्देशन गर्न उपयुक्त सबै उपायहरु अवलम्बन गर्न पक्ष राष्ट्रहरु सहमत छन् । यसका अतिरिक्त महिला विरुद्धहुने सबै प्रकारका भेदभाव तथा हिंसा, मानव अधिकार र प्रतिष्ठा विरुद्धका अपराधहरु हुन् साथै त्यस्ता अपराधहरु विधायिकी, प्रशासनिक तथा न्यायिक कारवाही मार्फत निषेध गरिनुपर्छ भनी पक्ष राष्ट्रहरु घोषणा गर्दछन् ;

३. महिलाहरुको आधारभूत स्वतन्त्रता र वैधानिक अधिकारहरुको उपयोगका लागि पुरुष सरह स्थानिय, क्षेत्रीय र राष्ट्रिय विकास प्रकृयाहरुमा प्रभावकारी सहभागीतालाई सक्षम बनाउने वातावरण सुनिश्चित गर्न पक्ष राष्ट्रहरुले सबै उपयुक्त उपायहरु अपनाउनेछन् ;

४. महिला शसक्तिकरणले द्रुततर आर्थिक तथा सामाजिक विकासको बाटो पहिल्याउने तथ्यलाई मान्यता दिंदै साक्षरता तथा शिक्षा मार्फत महिलालाई शसक्तिकरण गर्ने आवश्यक्ताप्रति पनि पक्ष राष्ट्रहरु दृढता व्यक्त गर्दछन् । हाल सार्क राष्ट्रहरु भित्र विद्यमान रहेको साक्षरताको लैङ्गिक विभाजनलाई तोकिएको समयावधी भित्र घटाउने र अन्ततः उन्मुलन गर्ने आवश्यक्तालाई पक्ष राष्ट्रहरु खास जोड दिन्छन् ;

५. महिला बेचविखन तथा महिला शोषणसँग जुध्न, देहव्यापारका लागि महिला तथा वालबालिकाहरुको वेचविखन विरुद्ध सार्क महासन्धीको प्रभावकारी कार्यान्वयनगर्ने तथा नागरिक समाजका उपयुक्त तप्काहरु समेतको सहयोग मार्फत पक्ष राष्ट्रहरु पुन दृढता व्यक्त गर्दछन् ;

६. क्षेत्रीय स्तरमा महिला विकासलाई राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासको मूलधारमा अभिन्न अंगको रुपमा प्रवर्द्धन निम्ति संयन्त्र र संस्थाहरुको स्थापना गर्न पक्षराष्ट्रहरु दृढ निश्चय व्यक्त गर्दछन् ;

**धारा ७**

**बाल अधिकार तथा हितहरुको प्रवर्द्धन**

१. पक्ष राष्ट्रहरु वालबालिकाको शारीरिक तथा मानशिक पारनिर्भरताका कारणले जन्मनु अघि र जन्मे पछि पनि उनीहरुलाई उपयुक्त कानुनी संरक्षण लगायतका विशेष सुरक्षा तथा हेरचाहको आवश्यक्ता पर्छ भन्नेमा विश्वस्त छन् ;

२. बालबालिकाहरु उनीहरुको व्यक्तित्वको पूर्ण र सुसंगत विकासका लागि एउटा पारिवारिक वातावरण, खुशीको परिवेश, मायाँ र समझदारीमा हुर्कनुपर्छ ;

३. पक्ष राष्ट्रहरुले बालबालिकाहरुको हित विपरित हुने सबै किसिमका दुर्व्यवहार तथा पूर्वाग्रह पूर्ण शोषणबाट बालबालिकाहरुलाई संरक्षण प्रदान गर्नेछन् ;

४. वाल हितको प्रवर्द्धनका लागि सार्क अनुवन्धको प्रभावकारी कार्यान्वयनका लागि तथा बालबालिकाको व्यक्ति, प्रतिष्ठा र जीवनको विरुद्ध हुने सबै किसिमका अपराधहरुलाई जुध्न तथा दवाउन पक्ष राष्ट्रहरुले आवश्यक कदमहरु चाल्नेछन् ;

५. पक्ष राष्ट्रहरु दृढ छन् कि बालबालिकाले विशेष संरक्षणको सुविधा उपभोग गर्नेछन् साथै कानुन तथा बालबालिकाहरुको स्वास्थ्य तथा सामान्य तरिकाले साथै स्वतन्त्र र सम्मानको अवस्थाहरुमा शारीरिक, मानशिक, भावनात्मक, नैतिक, आध्यात्मिक, सामाजिक र सांस्कृतिक रुपले पूर्ण सम्भावनाको विकास गर्न यसको अवसर र सुविधाहरु प्रदान गरिने छन् । वाल बालिकाको जन जीवनसँग समाहित हुने सम्पूर्ण कुराहरुमा बालबालिकाको सर्वोत्तमहित तथा कल्याण सर्वश्रेष्ठ महत्व तथा मार्गदर्शक सिद्धान्त हुनेछन् ;

६. पक्ष राष्ट्रहरु सरकार, समाज र समुदायबाट बाल बालिकालाई संभावित सम्पूर्ण सहायता प्रदान गर्न सहमत छन् । उचित संरक्षणका साथ स्वस्थ्य रुपमा जन्मन, हुर्कन र उन्नति गर्न बालबालिका अधिकार युक्त छन् । यस लक्ष्य अन्तर्गत जन्म अघि, प्रसुतिका बेला (खासगरी तालिम प्राप्त सुँडेनीको उपस्थितिमा प्रसुती) र जन्म पछिको हेरचाह, रोग प्रतिरोधात्मक खोप, शिशु स्याहार, यथासमय तथा उचित पोषण, शिक्षा तथा मनोरञ्जन लगायतका विशेष सुविधाहरु वच्चा तथा आमालाई उपलब्ध गराइने छ । पक्ष राष्ट्रहरु जन्मान्तर(पुस्तान्तर) जीवन चक्रको धारणा, शिक्षा विकास, साक्षरता र किशोर र युवाहरुमा शिप विकास गरी विशेषत किशोरीहरु र वाल तथा छिटो विवाहको निर्मुलन मार्फत कम तौलको जन्म कुपोषण तथा बालबालिकामा रक्त अल्पता, शिशु, बालबालिका तथा मातृ अस्वस्थता र मृत्युदर घटाउन विशेष कदमहरु चाल्नेछन् ;

७. पक्ष राष्ट्रहरुले द्वन्द्वमा परेका बालबालिकाको पुनर्वास र पुनर्मिलनको लागि कानुनद्वारा प्रभावकारी उपायहरु अवलम्बन गर्नेछन् ;

८. पक्ष राष्ट्रहरुले सडक बाल बालिका, टुहुरा, विछोडिएका, परित्यक्त बालबालिका तथा सशस्त्र द्वन्द्वबाट प्रभावित बाल बालिकाकाहरुको पुनर्वासका लागि उचित उपायहरु अवलम्बन गर्नेछन् ;

९. पक्ष राष्ट्रहरु शारीरिक, मानशिक, भावनात्मक अथवा सामाजिक रुपले अपहेलित बाल बालिकालाई उनीहरुको अवस्था अनुसार विशेष उपचार, शिक्षा  स्याहार प्रदान गरिनेछ भन्नेमा प्रतिबद्धता व्यक्त गर्दछन् ;

१०. कलिलो उमेरका बालबालिकालाई विशेष परिस्थितिमा बाहेक उनीहरुका आमाबाट अलग्याइने छैन तथा परिवार नभएका तथा पर्याप्त सहायता साधन नभएका बाल बालिकालाई समाज तथा सार्वजनिक अधिकारीहरुले खास किसिमका हेर विचार लगायत आवश्यक परे राज्यका प्रावधान तथा सहायता प्रदान गर्ने कुरा पक्ष राष्ट्र सुनिश्चित गर्ने ;

११. पक्ष राष्ट्रहरुले सम्बन्धीत अन्तर्राष्ट्रिय सन्धीहरुमा परिभाषा गरिएका लागु औषध तथा मनोदिपिय पदार्थहरुको अवैध प्रयोगबाट वाल बालिकालाई जोगाउन तथा यस्ता पदार्थहरुको अवैध उत्पादन र ओसारपसारमा बाल बालिकाको प्रयोगमाथि रोक लगाउन विधायिकी, प्रशासनिक, सामाजिक तथा शैक्षिक उपायहरु लगायतका सम्पूर्ण उपयुक्त उपायहरु अपनाउने छन् । यस सम्बन्धमा पक्ष राष्ट्रहरु राष्ट्रिय तथा क्षेत्रीय स्तरमा लागु औषध तथा मनोदिपीय पदार्थहरु सम्बन्धी सार्क अनुवन्धको कार्यान्वयनलाई तिव्रता दिनेछन् ;

**धारा ८**

**जनसंख्या स्थिरिकरण**

१. दक्षिण एसियाका जनताको भलाइ तथा सामाजिक विकासमा बढ्दो सरसहयोगको उल्लेख्य महत्वलाई पक्ष राष्ट्रहरुमनन गर्दछन्  । सरोकारवालाहरुको साझेदारीबाट विकसित राष्ट्रिय कार्यक्रमहरु तथा आवश्यक स्रोतहरुको विनियोजनमा बृद्धिसाथै सु-समन्वीत क्षेत्रीय कार्यक्रमहरुले यस क्षेत्रमा सामाजिक रुपले सन्तोषप्रद, स्वस्थ तथा दीगो जनसंख्या विकासका लागि सकारात्मक वातावरण बनाउन योगदान गर्नेछन् भन्नेमा उनीहरु सहमत छन् ;

२. जनसंख्या नीतिहरुले जनसंख्या तथा विकासलाई मानव केन्द्रीत दृष्टिकोण प्रदान गर्नुपर्दछ र यी नीति मानव अस्तित्व तथा भलाइ तर्फ लक्षीत हुनुपर्छ भन्ने विचारमा पक्ष राष्ट्रहरु रहेका छन् । यस सम्बन्धमा महिला स्वास्थ्यलाई असर नपार्ने स्वेच्छिक दीगो परिवार नियोजन तथा गर्भनिरोधक उपायहरु मार्फत प्रत्येक देशको जनसंख्या बृद्धिमा स्थीरीकरण ल्याउन राष्ट्रिय, स्थानिय वा प्रान्तिय नीति तथा रणनीतिहरु लक्षीत हुनुपर्छ भन्नेमा पक्ष राष्ट्रहरु दृढता व्यक्त गर्दछन् ;

३. पक्ष राष्ट्रहरु अमनचयन र नियम बद्धताको संस्कृति बसाउन प्रयास गर्ने जहाँ गैरदिगो उपभोग र उत्पादन ढाँचालाई कुनै ठाउँ हुने छैन तथा धान्न नसकिने जनसंख्या परिवर्तन, अत्याधिक जनसंख्या केन्द्रीकृत गराउने आन्तरिक वसाइ सराइ, घरवार विहिनता, वढ्दो गरिवी, वेरोजगार, वढ्दो असुरक्षा र हिंसा, वातावरण क्षयीकरण र बढ्दो विपतको जोखिमलाई सतर्कता, प्रतिवद्ध प्रयास र प्रभावकारीता साथ व्यवस्थापन गरिनेछ ;

४. पक्ष राष्ट्रहरुले प्रजनन स्वास्थ्य, मातृशिशु मृत्युदरमा कमी साथै शिशुलाई उसको अभिभावकबाट न्यानो मायाँ तथा भरथेग पाउन सक्षम तुल्याउने पर्याप्त सुविधाका प्रावधानहरु सुनिश्चित गर्न कार्य गर्नेछन् ;

५. पक्ष राष्ट्रहरु यस क्षेत्रमा सूचना, अनुभव र स्रोतहरुको आदान प्रदानलाई सहज बनाउनका लागि यस क्षेत्रमा जनसंख्या कृयाकलाप सम्बन्धित संस्थाहरुको एक सार्क सञ्जाल स्थापना गर्न पनि सहमत छन् ;

**धारा ९**

**लागु औषध छुटाउने, पुनर्स्थापना तथा पुनर्सम्मिलन**

१. राष्ट्रिय तथा क्षेत्रीय स्तरमा उपयुक्त संयन्त्रहरुको प्राथमिक महत्व पाउनेगरी साथ खास क्षेत्रहरुमा तथा राष्ट्रिय अनुभवहरु बाँडेर, सूचन आदान प्रदान मार्फत साझा कार्यक्रमहरु क्षेत्रीय सहयोग बढाउनुपर्छ भन्नेमा पक्ष राष्ट्रहरु सहमत छन् ;

२. पक्ष राष्ट्रहरुले आर्थिक मामला अनुसन्धान ; सम्पत्ति जफत ; मुद्रा निर्मलीकरण ; अपराधीक षड्यन्त्र र संगठित अपराधको प्रतिरोध ; आपसी कानूनी सहायता ; नियन्त्रीत हस्तान्तरण ; सुपुदर्गी ; सार्क अनुवन्ध तथा अन्य सम्बन्धीत अन्तर्राष्ट्रिय दायित्वहरु वहन गर्न कानुनी तथा अन्य संरचनाहरु अद्यावधिक गर्ने साथै सूचना आदान प्रदान मार्फत लागु औषधको व्यापारमा रोकथाम गर्ने उपायहरुको विकास गर्ने ; अन्तर देशीय सहयोग नियन्त्रीत हस्तान्तरण ; मजबुद क्म्इःम क्षेत्रीय तालिम ; नीतिगत तथा कार्यगत दुवै तहमा निरन्तर बैठकहरु सञ्चालनगर्ने क्षमतालाई सार्क राष्ट्रहरुमा दरिलो बनाउने ; वैध लागु औषध तथा अन्य पदार्थ र यसकालागि आवश्यक रसायनहरुको प्रयोग र उत्पादनमा तीव्र नियन्त्रणका सम्बन्धमा संयुक्त प्रयास, आपसी सहयोगलाई बढावा कानुनी व्यवस्था सुदृढ बनाउँदै वृहत सहयोगको पहिचान गर्दछन् ;

३. माग घटाउने गतिविधी र आपूर्ती नियन्त्रणका कार्यक्रमहरु बीचको सम्पूरकतालाई मध्य नजर राखी मागको कमी, आपूर्ती नियन्त्रण, कूलत  छुटाउने तथा पुनर्स्थापनाको सबै पक्षहरुलाई क्षेत्रीय संयन्त्रहरुबाट संवोधन गरिनुपर्छ भन्नेमा पक्ष राष्ट्रहरु सहमत छन् ;

**धारा १०**

**कार्यान्वयन**

१. प्रत्येक राष्ट्रमा ती राष्ट्रहरुद्वारा निर्धारण गर्न सकिने एक राष्ट्रिय समन्वय समिति वा कुनै उपयुक्त राष्ट्रिय संयन्त्रद्वारा यो सामाजिक वडापत्रको कार्यान्वयनलाई सहज बनाइनेछ । पक्ष राष्ट्रहरु बीच त्यस्ता संयन्त्रहरुका बारे सार्क सचिवालय मार्फत सूचनाको आदान प्रदान हुनेछ । सार्कका उपयुक्त अंगहरुले यस सामाजिक वडापत्रको कार्यान्वयनको पुनरावलोकन क्षेत्रीय तहमा गर्नेछन् ;

२. पक्ष राष्ट्रहरुले सार्कको यस सामाजिक वडापत्रलाई व्यवहारमा उतार्न एक राष्ट्रिय कार्य योजना पहिले देखि नै मौजुद गर्नेछन् । यो कार्ययोजना पारदर्शी तथा वृहत आधार भएको सहभागीतामूलक प्रकृयाद्वारा सम्पन्न गरिनेछ । राष्ट्रिय कार्ययोजना त्यसलाई परिमार्जन अन्तर्गत कार्यक्रमहरुको कार्यान्वयन र मूल्यांकनका सम्बन्धमा सरोकारवालाहरुको धारणालाई पनि अनुशरण गरिनेछ ;

**धारा ११**

**लागु हुने**

सम्पूर्ण पक्ष राष्ट्रहरुले यसमा हस्ताक्षर गरेपछि यो सामाजिक वडापत्र लागु हुनेछ ;

**धारा १२**

सम्पूर्ण पक्ष राष्ट्रहरुको सहमतिबाट यो सामाजिक वडापत्र संशोधन गर्न सकिनेछ ;

# राष्ट्रिय संरक्षण कार्य समूह

# National Protection Working Group(NPWG)

**क. अभियानको परिचय तथा थालनी :**

NPWG को निर्माण गर्ने कार्यको थालनी मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (FOHRID), ग्रामीण स्वाबलम्बन विकास केन्द्र (RSDC), नेपाल दक्षिण एसिया केन्द्र (NESAC) ले संयुक्त रुपमा सुरु गरेको छ । र, यसका उद्देश्य निम्न छन् ।

१. दक्षिण एसियामा सार्कलाई क्षेत्रिय हितमा कार्यगर्न दवाव दिने र दक्षिण एसियाका सरकारहरुलाई सार्क सोसल चार्टरको प्रभावकारी कार्यान्वयनका लागि दवाव सिर्जना गर्न आवश्यक Lobbying र advocacy सञ्चालन गर्ने ।

२. समाजका जोखिमपूर्ण वा सिमान्तकृत समुदायहरुको दिगो जिविका र सामाजिक तथा राजनीतिक सहभागिताको अधिकारको प्रवर्द्धन र संरक्षणका लागि एकिकृत अभियान सुरु गर्ने ।

३. जोखिमपूर्ण समुदायको उत्थान र विकासकालागि उनिहरुको दिगो जिविका र सामाजिक तथा राजनीतिक सहभागिताको अधिकारको संरक्षण र सम्बर्द्धन गर्नका लागि प्रभावकारी नीति तथा कार्यक्रमहरुको तर्जुमा गर्न सरकारलाई दवाव र सुझावहरु प्रस्तुत गर्ने ।

४. बहुदलीय प्रजातन्त्रको संस्थागत विकास/सवलीकरणका लागि आवश्यक कार्यहरुगर्दै सशस्त्र द्वन्द्वको अन्त्यका लागि प्रभावकारी भूमिका खेल्ने ।

**ख. NPWG सँग सम्बन्धित विषय र यसको औचित्य**

१. वर्तमान परिस्थितिमा खासगरी ग्रामिण समुदाय, शहरी क्षेत्रका गरिव समुदाय, द्वन्द्वका कारण आन्तरिक विस्थापित समुदाय एवं द्वन्द्व प्रभावित क्षेत्रका बासिन्दाहरुका साथै जोखिमपूर्ण समूह वा सिमान्तकृत समुदायले दिगो जिविका तथा सामाजिक र राजनीतिक सहभागिताको अधिकारलाई निर्वाध रुपमा उपभोग गर्न सकि रहेका छैनन् । यस्तो परिवेशमा जोखिमपूर्ण समूह वा सिमान्तकृत समुदायको नागरिक तथा राजनीतिक अधिकार, दिगो जीविका र राजनीतिक सहभागिताको अधिकारलाई प्रव्रर्द्धन गरी जोखिमीहरुको (Vulnerability) सुरक्षा गर्ने मुद्दा NPWG को मुख्य सरोकार हो । अर्को तर्फ, यो असहज द्वन्द्वको परिस्थिति र अवरुद्ध प्रजातान्त्रिक परिवेशमा जोखिमपूर्ण अवस्थामा रहेका नागरिकहरुको दिगो जिविका र सामाजिक तथा राजनीतिक सहभागिताको प्रवर्द्धन गर्ने नीति तथा कार्यक्रमको निर्माण गर्ने कार्यमा राज्य वा सरकारलाई दवाव पुऱ्याउने खालका क्रियाकलापहरुसँग NPWG ले प्रत्यक्ष सम्बन्ध राख्दछ ।

२. NPWG ले जोखिमपूर्ण समूह र सिमान्तकृत समुदायको प्राकृतिक श्रोतमाथिको पहुँच, विकासमा सहभागिता र यसको उपलब्धीमा समानुपातीक लाभांसका लागि मुख्य सरोकार राख्ददछ र यसले न्याय, समानता, समन्याय, र श्रोतको समानुपातिक वितरण र उपयोगको मुद्दालाई जोड दिन्छ ।

३. अन्तर्राष्ट्रिय मानवीय कानून र नेपालले अनुमोदन गरेको ६ वटा Core Convention को साथै SAARC Social Charter को Domestic Level मा प्रभावकारी रुपमा कार्यानवयन र Application गराउन राज्यलाई दवाव पुऱ्याउने क्रियाकलापहरुसँग NPWG ले सम्बन्ध राख्दछ । खासगरी NPWG ले दक्षिण एसियामा SAARC लाई क्षेत्रिय हितमा प्रभावकारी भूमिका खेल्न र नेपाल सरकारलाई SAARC social charter को कार्यान्वयन गर्न दवाव पुऱ्याउँछ ।

४. वर्तमान परिप्रेक्षमा अवरुद्ध प्रजातान्त्रिक प्रणालिको सवलीकरणका लागि एक बृहद अभियानको महसुस गरिएको छ । अतः शसस्त्र द्वन्द्व र गैर प्रजातान्त्रिक शक्तिहरुसँग सँगठित रुपमा प्रतिवाद गर्ने क्रियाकलापहरुसँग NPWG ले सम्बन्ध राख्दछ ।

५. अन्तर्राष्ट्रिय मानव अधिकार कानून तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको पालना र Application का लागि बृहद दवाव सिर्जन गर्न र सशस्त्र द्वन्द्वको स्थायी निकासका लागि, वार्ता, युद्ध विरामका पक्षमा जनमत सृजना गर्ने पक्षमा NPWG ले चासो राख्दछ । द्वन्द्वको दिगो निकासका लागि मानवीयता, मानवअधिकार र प्रजातन्त्रको मर्म र भावना अनुसार गतिशिल क्रियाकलापहरुको चयनगरि कार्यान्वयन गर्ने विषयमा NPWG ले सम्बन्ध राख्दछ ।

६. अन्तर्राष्ट्रिय वित्तिय कोष (IMF), विश्व बैंक र विश्व व्यापार संगठनले ल्याएका नीतिहरुलाई सरकारले सरक्क स्वीकार्दछ र यसले जोखिमपूर्ण समुदाय वा सिमान्तकृत वर्गको आर्थिक, सामाजिक अथवा सांस्कृतिक अधिकारमा त्यसरी सुधार ल्याउँदैन । त्यस्तैगरी नागरिक तथा राजनीतिक अधिकारको पनि महसुस गर्न सकिँदैन । अन्तर्राष्ट्रिय वित्तिय संस्थाहरुका नीतिले समाजमा गैर न्यायिक सामाजिक संरचना निर्माण गर्दछ । यस्तो अवस्थामा सिमान्तकृत जनताहरुको उत्थान र विकासका पक्षमा NPWG ले सरोकार राख्दछ । NPWG ले सरोकार राख्ने मुद्दा यस्तो हुन सक्छ कि जस्तो, किसानहरुको वित्तिय पुँजी र प्रविधि, उत्पादनका श्रोत र जमीनमाथि नियन्त्रण हुँदैन तथा पहुँच स्थापित नभएसम्म किसानहरुको मानव अधिकार सुरक्षित छ सकिँदैन । NPWG ले नेपाली जनताको खाद्य सार्वभौम सत्ताको अधिकारलाई स्थापित गर्ने कुरामा तिव्र जोड दिन्छ ।

## ग. NPWG को संरचना र साझेदार :-

NPWG को संरचना लचिलो छ। यसको बनावट सरल छ। यसमा औपचारीक पद र स्तर रहँदैन। यसमा समुदायमा कृयासिल मानव अधिकार, सामाजिक विकाश, समाज सेवाको क्षेत्रमा तथा सरकारी निकायका प्रतिनिधिहरु समेत रहन सक्नेछ। यसमा गैर-राजनीतिक विषयमा सहकार्य गर्ने व्यक्ति तथा संघ संस्थाहरुको कार्यजालो Network अभियान हो । अतः समुदायमा कामगर्ने व्यक्ति, संघ-संस्था, सरकारी प्रतिनिधि, पत्रकार, कानून व्यवसायी र पेशागत संघ-संस्था लगायत समाजका सबै तह र तप्काका साझेदारहरु यसमा सहभागी हुन सक्नेछन्। NPWG मा सहभागिताका लागि कुनै औपचारिक योग्यताको आवश्यकता पर्नेछैन । तर, प्राज्ञिक, विशेषज्ञहरु, सामाजिक तथा विकास कार्यकर्ता र नेपालमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुलाई सहभागिताका लागि विशेष अनुरोध गरिन्छ। यसको केन्द्रीय तह देखि क्षेत्रीय तथा जिल्ला र स्थानीय तहसम्म कार्यजालो विस्तार गरिनेछ । यस प्रकार यसको स्वरुप केन्द्रहुँदै स्थानिय तहसम्म पुग्नेछ ।

## घ. Major Work

- Empowerment and support for vulnerability Protection.
- मुलुकमा बढ्दो जोखिमताको न्युनिकरणका लागि आवश्यक कारवाहीहरु अघि बढाउनु र द्वन्द्व निराकरणका लागि आवश्यक कार्यहरु गर्ने ।
- राष्ट्रिय तथा क्षेत्रिय सम्मेलन, परामर्श Meeting, छलफल र कार्यशाला, तालिम सञ्चालन गर्ने ।
- जोखिमपूर्ण समुदायको दिगो दिगो जिविका र सामाजिक तथा राजनीतिक सहभागिताको अधिकारको प्रत्याभूतिका लागि नीति निर्माण तहमा सिफारिस, Lobbing, Policy dialog आदि सञ्चालन गर्ने,

## ङ. NPWG को निर्माण विधि :

यो NPWG को Formation विधि सरल छ। यसको लागि निर्धारित फर्म (अनुसूची-१)भरी तपाई वा तपाइको संस्थाले अभियानमा समावेस गर्न सक्नेछन्। कुनै पनि संस्था वा संस्थाको अख्तियारप्राप्त व्यक्तिले अभियानमा सहभागिताका लागि स्विकृत जनाउँदै निर्धारित फर्म भरी हामीकहाँ पठाउन सक्नुहुनेछ। यस अभियानमा सहभागिताका लागि कुनै शुल्क लाग्ने छैन ।

अभियानमा आवद्धताका लागि हामी यहाँहरुलाई इ-मेल मार्फत वा पत्राचारद्वारा निर्धारित फर्म पठाउँदैछौं र सो फर्ममा आफ्नो विवरण भरी यहाँहरुले हामीलाई फिर्ता पठाउन सक्नुहुनेछ। सो फर्म यहाँको अभियानमा सहभागिताको स्विकृत पत्रको रुपमा रहनेछ। र, त्यही फर्मका आधारमा यहाँलाई वा यहाँको संस्थालाई NPWG को सूचीमा समावेश गरिनेछ। अभियानमा सहभागिताका लागि यहाँहरुले अभियानका सुरुवातकर्ता संस्थाहरु फोरिड, आर.एस.डी.सी र नेसाकमा सम्पर्क राख्न सक्नुहुनेछ। Network लाई प्रभावकारी बनाउन website को निर्माण गरी NPWG सम्बन्धि सम्पूर्ण सूचनाहरु राखिने छ र यस NPWG मा आवद्ध संस्था वा व्यक्तिहरुको सूची पनि website मा राखिनेछ। जसले गर्दा NPWG सँग आवद्ध साझेदार वीच सूचनाको आदान प्रदान गर्न सजिलो होस्। NPWG मा सहभागि संस्था वा सोको प्रतिनिधि र व्यक्तिगत रुपमा सहभागिता जनाउने व्यक्तिहरुको सूची तयार गरिनेछ ।